*प्रधान सम्पादक*
**संघनायक भिक्षु अश्वघोष महास्थविर**
४२५९११० (संघाराम विहार, ढल्को)

*प्रकाशक र विशेष सल्लाहकार*
**भिक्षुणी धम्मवती**
फोन: ४२५ ९४६६

*सम्पादक*
**भिक्षुणी वीर्यवती**
**फोन: ४२५ ९४६६**

*सम्पादन सहयोगी*
**भिक्षुणी शुभवती**

*प्रमुख व्यवस्थापक*
**विद्यासागर रञ्जित**
फोन: ४२५ ८९५५

*व्यवस्थापकहरू*
**चिनीकाजी महर्जन**
फोन: ४२५ ३१८२
**ज्ञानेन्द्र महर्जन**
फोन: ४२७ ५३७७

*सह-व्यवस्थापक*
**ध्रुवरत्न स्थापित**

*कार्यालय*
**धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी**
**धर्मकीर्ति विहार**
श्रीघः नघःटोल
पोष्ट बक्स नं. ४९९२, काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५७
नेपाल सम्वत् ११३३
इस्वी सम्वत् २०१३
बिक्रम सम्वत् २०७०

| | | |
|---|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी | |
| वार्षिक | रु. १००/- | |
| यस अङ्कको | रु. २०/- | |


# धर्मकीर्ति


(बौद्ध मासिक)

# THE DHARMAKIRTI

## A Buddhist Monthly

**23rd JUNE 2013**

वर्ष- ३१ | अङ्क- २ | ज्याः पुन्हि | असार २०७०




अलिकति पाप गरेर के होला र भनेर नसम्झनु, एक एक थोपा गरेर पानीले गाग्री भरे झैं मूर्खजनले पनि अलि अलि गरेर पाप थुपार्दछ ।

अलिकति मात्र पुण्य गरेर के होला र भनेर नभन्नु, एक एक थोपा गरेर पानीले गाग्री भरे झैं धीर पुण्यवानले अलि अलि गर्दै पुण्य थुपार्दछ ।

पापको फल नपाए सम्म पापी व्यक्तिले पाप कार्य गर्नु नै बेस सम्झन्छ । पापको फल भोगाएपछि मात्रै उसले पापको पुरा परिचय पाउनेछ ।

पुण्यवान् व्यक्तिले पनि पुण्यको फल नपाउज्जेल पुण्य कार्यलाई बेकार सम्झन्छ । पुण्यको फल भोग्न पाएपछि मात्र उसले पुण्य कार्यको पूरा परिचय पाउनेछ ।

Downloaded from http://www.dhamma.digital

## ▪ सम्पादकीय ▪

# श्रीलङ्कामा जेठ पूर्णिमाको महत्त्व

बुद्ध शासन चिरस्थायी गर्ने कार्यको सिलसिलामा जेठ पूर्णिमा (ज्या:पुन्हि) को ठूलो महत्व रहेको बुझिन्छ। भगवान बुद्ध परिनिर्वाण हुनु भएको २३७ वर्ष पछि जेठ पूर्णिमाको दिन धम्माशोक राजाको पुत्र पूज्य भिक्षु महेन्द्र महास्थविर प्रमुख अन्य भिक्षुहरू भारतबाट श्रीलंकाको मिश्रक पर्वतमा पुग्नु भएको थियो। उहाँहरू ३ वटा लक्षहरू पूरा गर्ने मनसाय लिएर श्रीलंका पुग्नु भएका थिए। ती लक्षहरू यसरी रहेका छन–

(१) भगवान बुद्धको निर्देशन "चरथ भिक्खवे चारिकं बहुजन हिताय, बहुजन सुखाय लोकानुकम्पाय, अत्थाय, हिताय, सुखाय,।"

अर्थात्– "भिक्षुहरू धेरै मानिसहरूको हित सुखको लागि धर्म प्रचार गर्न चारिका गर्न जाऊ ।" भगवान् बुद्धले दिनुभएको यस निर्देशनलाई पालन गर्नको लागि ।

(२) बुद्ध शासन प्रतिस्थापन गर्ने भनी मोग्गलीपुत्त तिस्स महास्थविर गुरूले दिनुभएको आज्ञालाई पालन गर्नको लागि ।

(३) श्रीलंकामा बुद्ध शासन पवित्र रूपले स्थापना गरी श्रीलंका निवासी जनतालाई बोध गराई सज्जन र इमान्दार बनाउने मनशायले ।

यसरी श्रीलंकामा जेठ पूर्णिमालाई वैशाख पूर्णिमाको दिनलाई जस्तै ठूलो महत्व दिई मनाउने गरिन्छ। किनभने धम्माशोक राजाका पुत्र पूज्य महेन्द्र महास्थविर जेठ पूर्णिमाकै दिन श्रीलंका पुग्नु भएकोले श्रीलंकाको भविष्य उज्ज्वल हुन पुग्यो ।

महेन्द्र महास्थविर श्रीलंकाको मिश्रक पर्वमा पुग्दा श्रीलंकाका राजा तिस्स संग भेट भयो । तिस्स राजा शिकार खेल्ने क्रममा उक्त स्थानमा पुग्नु भएको थियो । महेन्द्र महास्थविरले राजालाई तिस्स भनी सम्बोधन गर्नु भएकोले तिस्स राजाको ध्यान आकर्षित हुन पुग्यो। अनि उहाँले सोध्नु भयो– "तपाई को हो ?"

उत्तर दिनेक्रममा भिक्षु महेन्द्र महास्थविरले भन्नुभयो– "**समणा मयं महाराज, धम्मराजस्स सावका तमेव अनुकम्पाय जम्बुदीपा इधागता**"

अर्थात्– "महाराज ! हामी तथागत बुद्धका श्रावकहरू हौं। तपाईंको हितार्थ जम्बुद्वीपबाट हामी यहाँ आएका हौं ।" मोग्गलिपुत्त तिस्स महास्थविरको आज्ञानुसार इट्टिय, उत्तिय, यम्बल र भद्दसाल आदि चार जना अरहन्त पुद्गलहरूका साथ भिक्षु महेन्द्र महास्थविर श्रीलंका पुग्नु भएको थियो । साथै षडअभिज्ञा लाभी सुमन श्रामणेर र अनागामी रोज उपासक पनि साथमा हुनुहुन्थ्यो ।

तिस्स राजा यो देखी प्रसन्न हुनुभयो। त्यसपछि महेन्द्र महास्थविरले राजालाई "**चुल्ल हत्थीपदोपम सूत्र**" को उपदेश दिनुभयो । यस सूत्रमा भगवान् बुद्धको व्यक्तित्वको बारेमा उल्लेख गरिएको थियो । यो धर्म उपदेश सुन्नु भएपछि राजाले आफ्ना प्रिय मित्र धम्माशोकले पठाउनु भएको बुद्ध वचन स्मरण गर्नुभयो। यस सूत्रको व्याख्यात्मक धर्म उपदेश सुनिसके पछि तिस्स राजा बोध हुनुभयो र उहाँ त्रिरत्न शरणागत उपासक बन्नुभयो। त्यसपछि त्यहाँका जनता पनि बुद्ध धर्मको उपदेश सुनेर बोध भए। अर्थात् उनीहरू आफ्नो राक्षसी स्वभाव हटाई शिक्षित, सज्जन, र इमान्दार बनी असल जीवन जीउन सक्षम भए ।

त्यसपछि अरिष्ट नामक युवक प्रमुख ५० जना युवाहरू प्रव्रजित भई उपसम्पदा प्राप्त गरी भिक्षुसंघ र बुद्ध शासन प्रतिस्थापन भयो । त्यसपछि महमेउता उद्यानमा महाविहार, वेस्सगिरी, इसुरूमुणि, थुपाराम, विहार निर्माण भए। फलस्वरूप श्रीलंका देश भरि बुद्ध धर्म प्रचार भयो। यसले गर्दा श्रीलंका बुद्ध शिक्षा अनुयायी देशको रूपमा परिवर्तन भयो । यही कारणले जेठ पूर्णिमाको दिनलाई श्रीलंकाले राष्ट्रिय दिवसको रूपमा मान्ने गरेको छ। त्यसैले महेन्द्र महास्थविरको धर्मदूत यात्रा सफल भएको नै जेठ पूर्णिमाको विशेषता हो भन्न सकिन्छ ।



Downloaded from http://www.dhamma.digital

# आऊ, सन्त बनौं

सत्यनारायण गोयन्का

*(प्रस्तुत लेख पुज्य गुरूजी श्री सत्य नारायण गोयन्काज्यूले सन् १३ मई २००० का दिन धर्मश्रृंङ्गमा सिखहरूका लागि दिनुभएको प्रवचनको सारांश हो ।)*

खाल्सा संगतका संन्त, सज्जनहरू तथा सन्नारीहरू ! आऊ, आज, खाल्सा कसलाई भनिन्छ त्यस विषयलाई बुझौं । जसको चित्त निर्मल भईसक्यो, नितान्त विशुद्ध भईसक्यो त्यो ब्यक्ति खाल्सा भयो, सन्त भयो । जस्को भित्र ज्ञानको ज्योति प्रज्वलित भयो जस्को भित्र एक थोपा पनि मैलो बाँकी रहेन भने त्यो ब्यक्ति खाल्सा भयो । कसरी खाल्सा हुन्छ ? कसरी भित्रको ज्योति बल्छ ? कसरी भित्रको चित्त निर्मल हुन्छ ? कुराकानीले हुँदैन, सुनेर-पढेर पनि हुँदैन, यसको लागि काम गर्नुपर्छ । हामी काहाँ धेरै सन्तहरू छन्, उहाँहरूले विभिन्न थरिका विद्या सिकाउनु भयो जसको माध्यमबाट मानिसहरूले आफूमा जागेको विकार हटाउन सफल भए । मानिसमा जब बिकार जाग्छ तब ब्याकुल हुन्छ । द्वेष जाग्छ– ब्याकुल हुन्छ, राग जाग्छ-ब्याकुल हुन्छ, क्रोध जाग्छ-ब्याकुल हुन्छ, अहंकार जाग्छ-ब्याकुल हुन्छ । यस्तो अवस्थामा कुनै देवी-देवताको बारबार नाम जप्न थाल्यो भने मन शान्त हुन्छ । यो राम्रो काम हो । तर यहाँ एउटा अर्को मार्ग पनि छ जुन अलि कठीन र गहिरो छ, जुन काम को ही-कोही सन्तहरू गर्दथे । त्यस्तै परम सन्त श्री गुरू नानक देवजी पनि निर्मल चित्त, शान्त चित्त, सारा मन निर्मल भएका सन्त पुरुष हुनुहुन्छ । यस्ता ब्यक्तिहरू कयौं जन्म जन्मदेखि चित्तलाई निर्मल गर्दै-गर्दै यस्तो अवस्थामा पुग्छन् र आफ्नो कल्याण गर्नुका साथसाथै अरूको कल्याण गर्ने काममा आफ्नो सारा जीवन बिताउँछन् । उहाँले भन्नु भएको थियो–

"अपो जाने, अपो आप, रोगो न ब्यापे, तिनो ताप ।"

आफूलाई चिन्यो भने सम्झनु सारा भव रोग नष्ट भयो, सारा भव ताप दूर भयो । जसले आफूलाई चिन्दछ उसले सबै कुरा थाहा पाउँछ । उसले रबलाई थाहापाउँछ, परमात्मालाई थाहापाउँछ । यस विषयमा श्री नानक देव जीको वाणी एकदम स्पष्ट छ । आफूलाई थाहापाउन सत्यको साथमा काम गर्नुपर्छ, कुनै कल्पनाद्वारा होइन, यसको खोजी भित्र गर्नुपर्छ । आफूमा जबसम्म खोट रहन्छ तबसम्म स्वीकार गर्नुपर्छ कि ममा खोट छ । हेर, ममा राग उत्पन्न हुन्छ, मलाई रीस उठ्छ, वास्ना जाग्छ, डर लाग्छ, अहंकार जाग्छ, लोभ जाग्छ । जाग्छ भने जाग्छ, त्यसलाई स्वीकार गर्नुपर्छ । आफूलाई धोखा दिंदै रह्यो, भित्र पहिले थुपारेको मैलो थुप्रै छन् तर पनि मान्छेहरू म निर्मल भएँ, शुद्ध भएँ, सन्त भएँ भन्छन्, कहाँ भयो ? अहिलेसम्म सन्त भएको छैन, जबसम्म मैलो छ तबसम्म सन्त भएको छैन । त्यसलाई सफा गर्ने विद्या छ । त्यो विद्या एक-एक पाईला सत्यको साथ-साथै हिँड्नु पर्ने विद्या हो । उहाँ भन्नु हुन्छ–

"आदि सच, जुगादि सच,
है भि सच, नानक हो सि भि सच ।"

जसले सत्यबाट काम थाल्छ, ऊ सत्यको सहारामा हिँड्दै हिँड्दै परम सत्यसम्म पुग्दछ र भित्र एकदम निर्मल हुन्छ । त्यसैले उहाँ भन्नुहुन्छ–

"किम सचियारा हो वे, किम कुडे टुट्टे पाओ,
हुकुम रजाई चलना, वो नानक लिखनार ।"

भारतका यस महान सन्तले भारतको लागि एउटा नयाँ शब्द दिनुभएकोछ । भारतको भाषामा दुखियारा शब्द प्रचलित छ । दुखियारा त्यसलाई भनिन्छ जोसंग सुख छैन । त्यस्तै सुखियारा शब्द पनि प्रचलित छ । सुखियारा त्यो ब्यक्ति हो जो दुःखी छैन । गुरु नानकजीले नयाँ शब्द थप्नु भयो "सचियारा" । सचियारा त्यो ब्यक्ति हो जो झूठो छैन । भित्र हेर्न थाल्यो भने सबै सत्य नै सत्य, झूठो अथवा कल्पनाको कुनै स्थान छैन । आफू भित्र के को सत्य छ ? त्यसलाई हेर्दै गयौं भने थाहापाउने छौं । मानिसको स्वभाव नै भइसक्यो, ऊ आफूलाई सँधै धोखा दिइरहन्छ, अरूलाई धोखा दिइरहन्छ । आफू भित्र फोहर भरि छ तर देखावा गर्छ कि खूब निर्मल छु, सन्त छु , ज्ञानी छु । किन आफूले आफैलाई धोखा दिने ? आफूमा फोहोर छ भने स्वीकार गर्नु कि फोहर छ, मयल छ । जब सफा हुन्छ तब भन्नु । भित्रको सत्य थाहा पायौ भने तब ठीक बाटो मा हिँड्न आउँछ । ठीक बाटो कुन हो ? "हुकुम रजाई चलना," हिँड्न आयो । "हुकुम" त्यस प्रकृतिको,



Downloaded from http://www.dhamma.digital

निसर्गको अथवा भनौं परमात्माको, के को हुकुम ? उसको "रजा" के हो ? ऊ के चाहन्छ ? बस उ के चाहन्छ त्यही अनुसार अगाडि बढौं । जसले भित्र हेर्न सिक्दछ उसले हुकुम के हो भन्ने थाहापाउँदछ, कसरी थाहापाउँदछ ? "नानक लिखया नार" आफैले लेखेको हो, भित्र हेर । प्रकृतिको नियम के हो त ? प्रकृतिको नियम आफ्नो मनलाई मैलो नगर्नु हो, जब मन मैलो गर्छ तब तुरून्त दण्ड पाउँछ, अहिलेको अहिल्यै दण्ड पाउँछ। भित्र राग जागेको होस् वा द्वेष वा अहंकार-भित्र पोल्न थाल्छ , ढुकढुकी बढ्न थाल्छ, निराशा बढन थाल्छ। यसरी मनमा कुनै विकार जाग्ने बित्तिकै प्रकृति तुरून्त दण्ड दिन थाल्छ, हामी तुरून्त ब्याकुल हुन्छौं । अहिले रिस उठ्यो र दुई घण्टा पछि ब्याकुल हुने होइन। त्यसरी नै प्रकृतिको नियम अनुसार अहिले मनको मयल सफा गरेको छ भने भित्र शान्ति हुन्छ, सुखी हुन्छ, त्यो आफूले अनुभव गर्ने कुरा हो । यो प्रकृतिको नियम हो । यही हुकुम हो, यही रजा हो । आफ्नो मनलाई निर्मल राख्दा धेरै पुरस्कार पाउँछ, त्यसैले मन निर्मल गरेर हेर । राजाको राज्यमा नियम बिगार्‍यौं भने नियम अनुसार दण्ड पाउँन बर्षौं लाग्नेछ तर प्रकृतिको नियममा यस्तो हुँदैन ।

एउटा उदाहरण हेरौं । कोही पनि शिशु एकदम अबोध हुन्छ, अज्ञानी हुन्छ । आगो छ भने उसले त्यसलाई खेलौना थान्छ र त्यो समात्न खोज्छ, त्यो संग खेल्न खोज्छ। तर आमाले खेल्न दिँदैन । बाबु ! त्यो समात्दा पोल्छ, समात्नु हुँदैन भनेर सम्झाउँछ तर बच्चाले बुझ्दैन । समात्न नदिँदा बच्चा रून्छ । तर पटक पटक प्रयास गर्दा गर्दै आमाले नदेख्ने गरि ऊ आगो पक्रिन पुग्छ । आगो पक्रिने बित्तिक्कै हात पोल्छ, रून्छ, चिच्याउँछ । यस्तो एक-दुई पटकको अनुभवले जतिसुकै अवोध बच्चा भए पनि उसले थाहापाउँछ कि यो कामको कुरो होइन रहेछ, यो छुँदा पोल्दो रहेछ, ऊ स्वयं समझदार हुनेछ। त्यस्तै सन्तहरू पनि यही भन्छन्, नानकजीले पनि भन्नुभयो, "आफू भित्रको सत्य हेर" । रिस उठ्दा भित्र पोल्छ भन्ने थाहापाउँनेछौ एकपटक पोल्यो, दुईपटक पोल्यो, पोलेको कसलाई मनपर्छ र ? त्यसबाट अलग रहनु पर्‍यो। त्यो बच्चाले त थाहा पायो कि आगो छुँदा पोल्दो रहेछ । तर हामी सुवोध मान्नेहरू रिसले भित्र पोल्छ भन्ने थाहा पाउन समय लाग्नेछ। आगो जल्दा जल्दै बाहिर खरानीको पत्र जमिसकेको छ, हेर्दा खरानी जस्तो भए पनि भित्र त आगो नै छ, छुने बित्तिकै पोलिहाल्छ । त्यसैले यहाँ होश हुनुपर्‍यो । होश नहुनाले नै भित्र भित्रै ब्याकुल भईरहन्छ। किनकि भित्र हेर्न नै जानेन खाली कुन विषयमा रिस उठेको हो त्यही विषय मनमा आईरहन्छ। उसले यस्तो भन्यो, उसले यस्तो गर्‍यो, जति सोच्दै गयो त्यत्ति रिस बढदै जान्छ, ब्याकुलता बढ्दै जान्छ। यस्तो अवस्थामा जब भित्र हेर्न थाल्छ तब होश आउँछ कि म आफूलाई जलाई रहेछु। यस्तो होश आयो भने नै आफ्नो स्वभावमा बडलाव आउँछ। मन जति मैलो हुन्छ त्यति ब्याकुलता बढ्छ । त्यसैले मन मैलो बनाउनु भएन चित्तलाई निर्मल राख्नु पर्‍यो, तब सुखी हुनेछ, जीवनले बाँच्न सिक्दछ। यदि यो सत्यलाई हेर्न सिक्यौ भने नै यसको सहारामा परम सत्य थाहापाउनेछौ र सन्त हुनेछौ । मनमा विकार भईकन सन्त हुन सक्दैन। मनमा विकार भईकन म सुखी छु भन्ने थान्यौ भने धोखा नै हुनेछ। खाल्सा बन्ने लक्ष्य लिएको छ भने मनको मैलो सफा गर्नुपर्छ ।

खाल्सा भयो, मन निर्मल भयो । यसको अर्थ यो होइन कि अब म त खाल्सा भएँ चाहे जो सुकै आएर मलाई काट म हात उठाउँदिन । कोही प्रति हात नउठाउने ? यस्तो भनेको होइन। पूर्व गुरूहरूले कति समझदार भएर यस्तो नियम बनाई दिनुभयो कि शिरमा केश लामो बनाऊ, मुहारमा दाह्री लामो बनाउनु। किन ? यो एउटा बर्दी हो, एक सिपाहींको पोशाक हो "खाल्सा मेरा प्राणोंका प्राण, खाल्सा मेरा, संत सुजान ।

यस्तो सन्त सिपाहीं जसलाई टाढैदेखि चिनुन् कि यो खाल्सा सिपाही हो। कसैले बदमासी गर्न लागे को छ भने सिपाहीलाई देखेर भागुन्। त्यसैले यस्तो रूप बनायो । फेरि खाल्सा जटा दाह्री हुँदैमा साधु सन्यासी पनि होइन, यसलाई साधु सन्यासीबाट अलग राख्न हातमा कडा लगाउन दियो । जटा, दाह्रीको साथमा कडा लगाएको ब्यक्ति नै खाल्सा सिपाहीं हो । सन्यासीले झैं फोहोरी केश बाँढ्ने होइन, सफा गरेर जटा फैलिन नदिउन्, कति सोचेर नियम बनाएको होला अन्यथा भविष्यमा एकजना जटाधारी हुनपुग्थ्यो । खाल्सा सिपाहीं त्यो हो जस्ले अन्याय र अत्याचार विरूद्ध तलवार उठाउँछ। आफू र अरू कसै



Downloaded from http://www.dhamma.digital

लाई पनि अत्याचार हुन दिंदैन । यदि कोही अत्याचार गर्छ, आफ्नो देशमा आक्रमण गर्छ, कोही अबला माथि आक्रमण गर्छ, कोही निर्बल व्यक्ति माथि अत्याचार गर्छ भने तलवार घुमाउँछ । हातमा तलवार हुने बित्तिकै यदि मनमा मैलो छ भने तलवारको दुरूपयोग हुन पुग्छ त्यसैले हातमा कडा लगाउन दियो । ता कि तलबार उठाउँदा यो हतकडा देखुन् कोही अबला माथि त उठेको छैन, कोही निरपराध माथि त प्रहार गर्न लागेको होइन । कोही दुर्वल हो कि । तलवार केवल अत्याचारी माथि उठून्, अन्यायी माथि उठून । यस्तो होस् दिलाउन हातमा कडा लगाउन दियो न कि कुनै फैसनको लागि ।

नानक देव जी एकजना सन्त, सद्गुरू हुन् । त्यसैले धेरै दूरदर्शी भएर कसैको हातमा तलवार दिनुभयो । जसलाई सिपाही बनायो, हातमा तलवार भएको ब्यक्ति आफै अत्याचार गर्न धेरै बेर लाग्दैन । त्यसैले कच्छा लगाउन दियो ता कि कामवासनामा डुबेर कसै प्रति दुराचार गर्न थालेका त छैनौ । उहाँको दूरदर्शिता पढेर मेरो मन गडगड हुन्छ । उहाँले धेरै असल कुरा सिकाउनु भयो । पालन गर्नेले गरून् या नगरून् तर सिकाउनेले धेरै सिकाउनु भयो । सिक्ने लाई शिख भनियो । भारतको धेरै पूरानो भाषा हो । यो विपश्यनाको परम्परा हो । साधना गर्दै जाँदा चित्त निर्मल हुँदै हुँदै पहिलो पटक चित्तको पर अमृत अवस्था प्राप्त हुन्छ । जुन अवस्थामा उत्पन्न हुँदैन- नष्ट हुँदैन, शरीर र चित्तको परको अवस्थामा जसले यो अवस्था प्राप्त गर्छ ऊ सिख भयो । यस कथनलाई गुरु गोविन्द सिंह जीले यो उदाहरण मलाई भन्नु भएको थियो । यो साधारण मानिसको भन्दा धेरै माथिको तह हो अफ्न यो भन्दा पनि अगाडिका चरणहरू तयार गर्नु पर्छ, सिक्नु बाँकी छ त्यसैले "सिख" भनियो । जस्ले अन्तिम अवस्था प्राप्त गर्यो उसलाई "एसिख" भनिन्थ्यो । "सिख" र "एसिख" ज्यादै पुरानो भाषा हो । उहाँ सन्तले त्यस समयको स्थिति अनुसार मानिसहरूलाई सिकाउनुभयो । उनीहरूको कल्याण गर्नुभयो । आफ्नै देशमा यस्ता सिपाहींको एक समूह बनाउनु भयो । गुरू नानकजीदेखि लिएर दसमेश गुरूजीसम्म गृहस्थ सन्त नै हुन् । एकजना गृहस्थ भएर पनि आफ्नो चित्त निर्मल गरेर अरूलाई पनि सिकाउन सकिन्छ । गृहस्थ हुँदैमा घर गृहस्थीमा मात्र अल्फिने होइन, अरूको भलाईहुने काम पनि गर्न सकिन्छ भन्ने एउटा सर्वश्रेष्ठ उदाहरण बनेर देखाउनु भयो ।

जब फुर्सद मिलाएर दश दिनको शिविर बस्न यहाँ आउनुहुन्छ यहाँ के सिकाइन्छ भन्ने बुफ्नुस् । यहाँ आएर आरामले बस्ने र आफू भित्र हेर्ने हो । यो शरीर के हो, जुन 'म' र 'मेरो' भन्छौं त्यो साँच्चीकै मेरो हो ? यो चित्तलाई 'म' भन्छौं, 'मेरो' भन्छौं के यो मेरो हो ? यो के हो त ? यसलाई थाहापाउनेछ । शुरूमा स्वास आइरहेछ, गईरहेछ, यो सत्यलाई थाहापाउनेछ । जो स्वाभाविक रूपले आईरहेको छ गईरहेको छ, यसमा कुनै कसरत गर्नु पर्दैन यो प्राणायाम भन्दा बिल्कुलै अलग हो, आईरहे आईरहेछ भनेर थाहापाउने, गईरहे गईरहेछ भनेर थाहापाउने । नाकको दायाँ प्वालबाट आएको छ कि बायाँ प्वालबाट आएको छ थाहापाउने, हामी आफ्नो तर्फबाट केही पनि नगर्ने जस्तो आपो आप निरञ्जन सोहि, थाहा पिया नजाय, कित्ता न जाय । जस्तो भइरहेकोछ त्यसैलाई हेर्ने, आफ्नो प्रयत्नले बढाउने बा घटाउने केही नगर्ने । मन क्षण क्षणमा भाग्छ, भाग्यो भने मेरो मन भाग्यो, यस समय भाग्यो, फेरि हेर्न थाल्यो । फेरि भाग्छ, फेरि फर्काएर ल्यायो । यसरी दुई दिन बिते पछि नाकको वरिपरि सम्वेदना चाल पाउनेछ । नाकको वरिपरि गह्रौं भ्रै, हलुको भ्रै, पसिना जस्तो चिसो अथवा तातो आदि केही न केही हुन थाल्छ । यस्तो अनुभव त शरीर भरी चौथौं, पाचौं दिन पुग्दा शिरदेखि खुट्टासम्म यस्को अनुभव हुनथाल्छ । सारा शरीर भरी केही न केही हलचलन महसुस हुनथाल्छ । कतै गर्मी, कतै गऱ्हौं, दुखेको, हलुका, पसिना, कतै फिर-फिर त कतै ढुक-ढुक गरेको चाल पाउँछ । 'आपो आप निरञ्जन सोहि' आफै निरन्तर, लगातार घटना घटिरहेछ । हेर्दा-हेर्दा सारा शरीरमा, प्रत्येक कण-कणमा केही न केही भएको थाहाहुन्छ । पछि थाहाहुँदै जान्छ कि जब हाम्रो मनमा क्रोध आउँछ, ईर्ष्या आउँछ, अहंकार आउँछ तब यी धडकन बढ्न थाल्छ । मनमा कुनै विकार जाग्ने बित्तिकै यसले संकेट गर्न थाल्छ यही यस क्षणको सत्य हो । सत्य नै ईश्वर हो । यसलाई शान्त पूर्वक हेरिरहयो भने यो घडकन पनि विस्तारै शान्त भएर जान्छ । प्रायः शिविरमा आउने साधकहरूका समस्याहरू भईरहन्छन् । गृहस्थहरू हुन् त्यसैले घरको समस्या, कारोबारको समस्या, पारिवारिक समस्या



Downloaded from http://www.dhamma.digital

आदिको कारण विभिन्न शारीरिक तथा मानसिक समस्या भईरहन्छ। कोही साधकलाई डिप्रेशन भएको छ भने जब भित्र भईरहेको सम्वेदना हेर्न सिकिन्छ तब सम्बेदनालाई हेर्दा-हेर्दा मन शान्त हुन थाल्छ। कुनै पनि तनाब वा दुखाई अनन्त कालसम्म रहँदैन कुनै धेरै बेर रहन्छ तर ढिलो-चाँडो सबै विनाश हुँदैजान्छ, तब स्वः अनुभवले थाहापाउँछ कि यो अनित्य रहेछ, प्रत्येक क्षण बडलिरहने रहेछ, यो देखि किन डराउने, केही क्षणमा विनाश हुन्छ भन्ने सोचि सम्वेदना निर न्तर रूपमा हेरिरहनु पर्छ। केही समय पछि डिप्रेशन जान्छ। त्यस्तै जाँड रक्सीको लत लागेका, कोही ड्रगको लत लागेका साधकहरू आउँछन्। बास्तवमा तिनीहरूलाई रक्सी तथा ड्रगबाट शरीरमा हुने सम्वे दनाको लत लागेको हो, त्यो सम्वेदना प्रिय लागेको कारण बारबार त्यही पिइरहनु पर्ने, ड्रग लिइरहनु पर्ने हुन्छ। जब जब ती पदार्थको चाहनाबढ्न थाल्छ। तब शरीरमा हुने सम्वेदना हेर्न थाल्यो भने केही बेरमा त्यो चाहना कम हुँदै जान्छ। रक्सी खाने लाई समय हुँदैमा सकसक लाग्न थाल्छ, चाहना बढ्दै बढ्दै जान्छ यसै समय शरीरमा भएको सम्वेदना हेर्न थाल्यो भने कम हुँदै जान्छ। पागल झैं त्यसको पछि-पछि लाग्नु पर्दैन, आफ्नो मन आफ्नो वसमा र ाख्न सिकिन्छ। यसरी मनका सम्पूर्ण बिकार निकाल्न सफल हुन्छ तब नै सन्त बन्दछ। भित्रका सारा विकार निस्कियो भने भित्रैदेखि शान्त महसूस हुन्छ। सुख महसूस हुन्छ। जो ब्यक्ति सन्त बन्दछ उसले न आफ्नो अहित गर्छ न अरूको अहित गर्छ। अज्ञानी छ भने नै आफ्नो पनि कुभलो गर्छ र अरूको पनि कुभलो हुने काम गर्छ। जब जब मनमा विकार जाग्छ, तब आफूले आफैलाई ब्याकुल अवश्य बनाउँछ र आफू वरिपरिको वातावरण पनि ब्याकुल बनाउँछ। यदि मलाई रिस उठेको छ भने म त ब्याकुल हुन्छु नै, मसंग जो ब्यक्ति कुरा गर्न आउँछ उसलाई पनि रिसाउने नै बनाईदिन्छु। त्यस्तै भित्र शान्त छ भने मेरो वरिपरिको वातावरण पनि शान्तमय बनाईदिन्छु सुखमय बनाईदिन्छु। त्यस समय जो ब्यक्ति सम्पर्कमा आउँछ उसलाई पनि शान्त र सुखमय बनाईदिन्छु।

गुरु नानकदेवजीले पनि यही सिकाउनु भयो। भारत देशका गुरूहरूले पनि यही सिकाउनु भयो तर सदियौं पछि यो विद्या लुप्त भयो। गुरु नानक देवजी तिब्बत जानुभयो, बर्मा जानुभयो र त्यहाँ सिकेर आउनु भयो र सन्त हुनुभयो। गुरु नानकजी यस्तो सन्त हुनुहुन्थ्यो, उहाँले आफ्ना दुबै छोराहरूलाई गद्दी छोड्नु भएन, प्रायः सबै जना उत्तराधिकारी आफ्ना छोराहरूलाई दिन्छन्। उहाँले कोही अर्को ब्यक्तिलाई दिनुभयो। जो ब्यक्ति सन्त थियो उसलाई दियो, छोराहरू सन्त हुनसके न त्यसैले दिएन। किनकि गुरूको गद्दीमा त सन्त ब्यक्ति नै रहनुपर्‍यो मानिसहरू भन्छन् कस्तो मान्छे जसरी राजाको उत्तराधिकारी आफ्नो छोरो हुन्छ, कसरी अर्को ब्यक्ति हुन्छ ? उहाँ बुझाउनु हुन्छ कि छोराहरू कोही गए गुज्रेका होइनन्। समझदार नै छन्, ज्ञानी छन् तर जस्तो चाहेको हो त्यस्तो सन्त हुन सकेको छैन तब गद्दी कसलाई दिने ? जो सन्त भईसक्यो उसैलाई त दिनुपर्‍यो। उहाँले भारतको यो पूरातन परम्परालाई फेरि स्थापना गर्नुभयो। एकातिर हामी भित्रैदेखि निर्मल हुनुपर्छ  अर्को तिर हामी कमजोर पनि हुनु हुँदैन। हामी साग-सब्जी झैं हौं जो कोही आएर काटे पनि हुन्छ। यस्तो होइन। यस्तो धर्म हुँदैन। जस्ले हामीलाई अन्याय गर्छ हामी तलवार उठाउँछौं, त्यसलाई रोक्छौं, हाम्रो हातमा कडा छ।

जो जो आज यहाँ आउनु भएकोछ, उहाँहरूमा धर्मको बिऊ छ त्यसैले यहाँ आउनु भयो। नभए यताउता घुम्न जानुहुन्थ्यो। यहाँ किन आउनु भयो ? भित्र बिऊ छ अब त्यसलाई खाली बिऊ मात्र रहन नदिनु, त्यसलाई अंकुरित हुन दिनु, उम्रन दिनु, फल्न-फुल्न दिनु। त्यसैले आफ्नो जीवनको दश दिन दिएर यो विद्या सिक्नुहोस्। केही नोक्सान हुनेछैन। यस्तो लाग्नेछ कि गुरु महाराजको शिक्षा सिकिरहेछु। चित्त निर्मल गर्नु कसलाई मन पर्दैन। जो कोही होस् देशी-विदेशी, हिन्दु, बौद्ध, जैन, सिख सबैले एउटै कुरा सिक्ने हो– चित्त निर्मल गर्ने, चित्तलाई शान्त गर्ने। निर्मल चित्त सबैलाई मनपर्छ। त्यस्तै ब्याकुल, मैलो चित्त कसैलाई मन पर्दैन। खाली बुद्धी विलास, वाणी विलासले हुँदैन। सुन्नु पर्छ ठीक हो यसवाट प्रेरणा प्राप्त हुन्छ। एउटा दिशा स्पष्ट हुन्छ कि यो मार्गमा अगाडि बढ्नु ठीक छ। म त यही भन्छु कि आफ्नो जीवनको दश दिन दिनुस् र अभ्यास गरेर हेर्नुस्। सबैको मंगल हुनेछ। धर्ममा मंगल नै मंगल हुनेछ। सबैको मंगल होस्, सबैको कल्याण होस्, सबैको स्वस्ति होस्। सबैको मुक्ति होस्।

*(साभार- 'विपश्यना' वर्ष-२८, अङ्क २)*



Downloaded from http://www.dhamma.digital

# धम्मपद – २६२

✍ प्राज्ञ रीना तुलाधर (बनिया)
*'परियत्ति सद्धम्म कोविद'*

**पामोज्ज बहुलो भिक्खू – पसन्नो बुद्धसासने**
**अधिगच्छे पदं सन्तं – सङखारूपसमं सुखं**

*अर्थ*– अति प्रसन्न चित्त भएका भिक्षु, बुद्धको सदुपदेशमा श्रद्धा भएका भिक्षुले सबै संस्कार धर्मलाई शान्त गरी सुखरूपि शान्त निर्वाण पद साक्षात्कार गरी लिन्छ ।

*घटना*– उपरोक्त गाथा भगवान् बुद्धले वक्कलि स्थविरको कारणमा भन्नुभएको थियो ।

श्रावस्तीको ब्राह्मण कुलमा जन्मेका एक युवकले एकदिन भगवान बुद्ध भिक्षाटनको लागि नगरमा जाँदा देखेछ । भगवान बुद्धको आकर्षक, शोभायमान, सौन्दर्य तथा व्यक्तित्व देखी उनी त मुग्ध भए । जति हेर्दा पनि हेरीरहुँ लाग्यो । त्यतिखेरै उनीले विचार गरे– "मलाई त भगवान बुद्धको रूप एकदिन हेरेर चित्त बुझ्नेन, दिनुहुँ उहाँलाई हेर्न पाउनको लागि प्रव्रजित हुनु पऱ्यो ।"

यही उद्देश्यले उनी साँच्चै प्रव्रजित भए । उनी वक्कलि स्थविर नामले जानिए जहाँ बस्दा तथागतलाई राम्ररी देख्न सकिन्छ, त्यहिँ बसेर उहाँलाई हेर्दै मक्ख परेर बस्यो । भिक्षु भएर कुनै कर्मस्थान, श्रमण धर्म पालना गर्दैनथ्यो ।

भगवान बुद्धले वक्कलि स्थविरको यस्तो चाला थाहा पाएर पनि उनको ज्ञान परिपक्व हुने अवस्था आई नसकेकोले त्यसै रहन दिनुभयो ।

पछि उनको समय ठीक भयो भनेर जानी एकदिन भगवान बुद्धले वक्कलिलाई सम्झाउनुभयो– "हे वक्कलि तिमीले यो कुहिएर जाने शरीर मात्र हेरेर केही लाभ हुँदैन । जसले धर्मलाई देख्छ, त्यसले मात्रै मलाई देखेको हुन्छ ।"

तथागतले यसरी अववाद उपदेश दिँदा पनि वक्कलिले आफ्नो व्यवहारमा परिवर्तन नगरी, बुद्धलाई हेर्न छोडेन, कहिं पनि गएन ।

भगवान बुद्धले यसलाई संवेग उत्पन्न नगराई भएन भनी बुझी वर्षावासको दिन नजिक आएपछि राजगृह जानु भएर वक्कलिलाई भन्नुभयो– "हामी यहाँ वर्षावास बस्छौं । तिमी कहाँ वर्षावास बस्ने हो ? तिमी यहाँबाट बाहिर जाउ ।"

वक्कलिलाई असाध्यै चित्त दुख्यो । "शास्ताले मलाई बोल्नु भएन, अब मैलेतीन महिनासम्म तथागतको अगाडि बसेर उहाँको दर्शन गर्न नपाउने भयो । यस्तो गरी बाँचेर के गर्नु बरू मर्नु जाती ।" मूर्खपूर्वक यसरी सोची पहाडबाट हाम फालेर मर्ने विचारले गृद्धकूट पर्वतमा चढ्न गए ।

भगवान बुद्धले विचार गर्नु भयो– "वक्कलिलाई सम्झाईकन सहानुभूति, सान्त्वना दिइन भने उसले, जीवन अन्त गर्नेछ र उनको मार्गफल प्राप्त गर्ने अवसर नाश हुनेछ ।" उतिखेरै बुद्धले उनको अगाडि जानुभई दर्शन दिनु भयो ।

तथागतलाई देख्ने बित्तिकै उनको शोक हत्यो, खुशि भयो । अब यही समय हो भनी बुद्धले उनीलाई गाथाहरूद्वारा धर्म उपदेश दिनुभयो । उपरोक्त गाथा भनी वक्कलिलाई धर्म बोध गराउनु भयो । त्यसपछि "हे वक्कलि । म कहाँ आउ भनी अनेक उपमाद्वारा" बोलाउनु भयो ।

वक्कलि स्थविरले मैले दशवल तथागतको दर्शन गरिरहेको छु, मलाई सामुन्ने आउन बोलाउनु पनि भयो भनेर मन प्रसन्न गर्दै प्रीति उत्पन्न गरी तथागतले भन्नु भएको उपरोक्त गाथा मनन गर्दै जाँदा त्यही क्षण अरहत पद लाभ गरे ।

पछिबाट भगवान बुद्धले वक्कलि स्थविरलाई श्रद्धा हुनेमा अग्रज भिक्षु भनेर अग्र पदमा राख्नु भयो । ❖

**भुल सुधार**

***वर्ष–३१, अङ्क–१ को विशेष सदस्यमा क्र.सं. ७५३ मा "अम्बिका लक्ष्मी तुलाधर" हुनु पर्नेमा अन्यथा हुन गएकोले सच्याइएको छ ।***
***– व्यवस्थापक***



Downloaded from http://www.dhamma.digital

# बौद्ध विश्वास (द्वितीय भाग)–६

✍ के.श्री धम्मानन्द
*अनुवादक*- बरदेश मानन्धर

## सत्य धर्म कुन हो ?

यदि कुनै धर्ममा चार आर्य सत्य र आठ मार्गहरू छन् भने त्यसलाई सत्य धर्म मान्न सकिन्छ ।

विश्वमा किन त्यतिका विभिन्न धर्महरू छन् भनेर पत्ता लगाउन धेरै गाह्रो छ कुन चाहि सत्य छ ? सबै धर्मका अनुयायीहरू आ-आफ्नो धर्मलाई ठूलो बनाउन खोजिरहेका छन् । विभिन्नताले गर्दा केही एकरूपता ल्याएका छन् भने धर्मको विषयमा मान्छेहरू एकले अर्कालाई घृणा र हेयको दृष्टिले हेर्दछन । एउटा धर्मको सबैभन्दा मर्यादित अभ्यास अर्को धर्ममा हास्यास्पद हुन्छन् आफ्नो दैवीय र शान्तिका सन्देश अरूहरूलाई दिनको लागि किन मान्छेहरू हतियारको प्रयोग गर्छन् ? के तिनीहरूले धर्मको आदेशलाई दुषित गरेका छैनन् र ? कुनै कुनै धर्महरू मानवतालाई एकतृत गर्नुको सट्टा विभाजन गर्नमा जिम्मेवार भएको देखिन्छन् ।

एउटा सत्य र सही धर्म पत्ता लगाउनको लागि हामीले झुठा धर्महरूलाई जान्नु पर्छ । झूठा धर्म वा दर्शनहरूमा यी पर्दछन् । भौतिकवाद जसले मृत्यु पछिको जीवनलाई स्वीकार गर्दैन, अनैतिकवाद जसले असल र खराव मान्दैन, कुनै पनि धर्म जसले अद्‌भूत रूपले मान्छेलाई बनाउने वा दण्ड दिने कुरा सिकाउँछ ईश्वरवादीहरू जसले जीवनमा हुने सबै कुरा पूर्व निश्चित भै सकेका हुन्छन् र अन्तमा सबैले मुक्ति पाउँछ भन्ने दृष्टि राख्छन् ।

एउटा सत्य र सही धर्म-पत्ता लगाउनको लागि हामीले सन्तोषजनक आधार पत्ता लगाउनु पर्छ। धर्मको सन्तोषजनक आधार त्यस्ता धर्म गुरु वा संस्थापकमा पाउन सक्दैन जसले सबै कुरा जान्न सक्ने र नित्य रहने दावा गर्छन् । देववाणी पनि धर्मको सन्तोषजनक आधार होइन किनभने यिनीहरू आपसमा नमिल्ने खालका एवं अविश्वासनीय सावित भएका छन् । तर्कना मात्रै (र कल्पना) पनि धर्मको अविश्वसनीय आधार हो किनभने तर्कना नमिल्ने र यसका निस्कर्ष झूठा हुन सक्छन् । पूर्ण नास्तिक वाद सच्चा धर्म बनाउनमा कमजोर आधार हो ।

बुद्ध धर्म यी असन्तोषजनक र अविश्वसनीय आधार बाट मुक्त छ। बुद्ध धर्म यथार्थवादी छ र यसलाई परीक्षा गरेर हेर्न सकिन्छ। यसका सत्यलाई बुद्धले,उहाँको अनुयायीहरूले जाँची (परीक्षा गरी) सकेका छन् र कोही पनि त्यसो गर्न चाहनेले त्यसो गर्नको लागि सँधै खुला रहेको छ ।

बुद्धले कुनै पनि धर्ममा चार आर्य सत्य र आठ मार्गहरू भएको खण्डमा त्यो सत्य छ भनेर बताउनु भएको छ । यसबाट यो स्पष्ट हुन्छ कि बुद्ध कुनै एउटा धर्म बनाउन होइन सत्यलाई प्रकाश पार्न चाहनु हुन्छ ।

## धर्मको अनुशरण कसरी गर्ने ?

यदि हामीले आफ्नो इर्ष्या घमण्ड र दुष्टचाँइलाई केही समयको लागि भए पनि हटाउन सिक्यौं भने धर्मलाई अनुशरण गर्ने सही बाटो हामीले पाएका हुन्छौं ।

धेरैले धर्मलाई जीवनबाट टाढा हुने रूपमा लिएका छन् । त्यसैले धेरै व्यक्ति आफूलाई धर्मात्मा कहन्छन्, साँच्चैका धर्मात्मा होइनन् उनीहरू धर्मात्माको कपडा लगाउन सक्छ, उनीहरू धार्मिक स्थलहरूमा धेरै गएका पनि हुन सक्छन् । तैपनि भेष के को लागि हो भनेर उनीहरू बुझ्न सकेका छैनन् । धर्मले मान्छेलाई असल गर्नको लागि सिकाउँछ, तर असल गर्ने पट्टि नै ऊ लागि रहेको हुन्छ । अझै पनि धर्मले उसलाई के गर्नको लागि भन्छ भन्ने कुरा महशुस गरेको छैन । केही समयका लागि मात्रै भए पनि हामीले हाम्रो इर्ष्या, अहंपना र दुष्टचाइँलाई हटाउन सिक्यौं भने हामीले धर्मको अभ्यास गर्ने सही बाटो पाएका हुन्छौं । तर दुर्भाग्यवश मानिसहरूले आफ्नो धार्मिक कृयाकलापको आयोजना खराब विचार निर्मूल पार्ने तरीकाले होइन वरू त्यस्ता विचारलाई टेवा दिने र वढाउने तरिकाले गर्दछन्  जव हामी धर्मको काममा गरिने विभिन्न कृयाकलापहरू देख्छौं– हामी सोच्छौं धर्मको विकास भै रहेछ । तर वास्तवमा धर्मको सही उदेश्य र मूल तत्व दिन पर दिनै गिरीरहेको छ ।

हामी मध्ये धेरै जसो आफू धर्मात्मा भएको




Downloaded from http://www.dhamma.digital

देखाउँछौं, तर धर्मकै नाममा हामीले ठूला महापापहरू गर्दछौं। धर्म खतरामा छ। धर्मले धेरै अनुशासन हीनता र अशान्ति ल्याएका छन्। अर्को तिर सच्चा धर्म भनेको भित्री चेतनाको जागरण र दया करूणाको विस्तृतिकरण मात्र हो । हामीले समस्याका सामना गर्नुपर्छ र आध्यात्मिकताको आधारमा त्यसको समाधान गर्नुपर्छ।

आध्यात्मिकताको नाउँमा समस्या देखि टाढा भाग्नु कायरता हो र त्यो पक्कै आध्यात्मिकता होइन।

आजकल संसार धेरै कमजोर अवस्थामा छ, मानिसहरू धेरै तिव्र गतिमा आफ्ना विनास तिर लागि रहेका छन् । साथै उनीहरू एउटा गौरवमय सभ्यता तिर लागी रहेका सम्झन्छन् जुन अहिले कल्पनै गर्न सकिंदैन । जतातते धर्मको नाममा अधर्म फैलि रहेका छन्। धेरै मानिसहरू आफ्नो व्यक्तिगत स्वार्थ र शक्तिको लागि धर्मको दुरूपयोग गर्दैछन्।

धेरै मानिसहरूले आफ्नो धर्मको उपादेयता प्रमाणित गर्न प्रमाणहरू पेश गर्न आवश्यक ठान्दछन्। केहीले यस्तो दावी गर्छन् कि उनीहरूको धर्म सबै भन्दा पुरानो भएकोले यसमा सत्यता छ। अर्को थरीको विचार अनुसार उनीहरूको धर्म सबै भन्दा पछिल्लो वा नयाँ भएकोले यसमा सत्यता छ। कोही भन्दछन्– उनीहरूको धर्ममा सब भन्दा बढी अनुयायीहरू भएकोले यसमा सत्यता छ तर यी कुनै पनि तर्क धर्मको सत्यता पत्ता लगाउन उचित छैनन्। विवेक र Common Sense को प्रयोग गरेर मात्र कुनै पनि धर्मको महत्व जाँच्न सकिन्छ।

## बैज्ञानिक युगमा बुद्ध–धर्म

बिज्ञान बिनाको धर्म अन्धो हो भने धर्म बिनाको बिज्ञान लङ्गडो हो।

### धर्ममा विज्ञानको प्रभाव

हामी वैज्ञानिक युगमा छौं । आज हाम्रो विचार गर्ने तरिका र जीवन पद्धतिलाई विज्ञानले आमूल परिवर्तन गरि सकेको छ। यो वैज्ञानिक क्रान्ति १७ औं शताब्दिमा पश्चिममा शुरू भएको थियो, यसले आज हाम्रो विचार र काम गराइमा निरन्तर धेरै प्रभाव पारी राखेको छ।

वैज्ञानिक विचार धाराले खास गरेर परम्परागत धर्ममा बलियो प्रभाव पारेको छ। आधुनिक विद्वानहरू तथा वैज्ञानिकहरूको लागि धेरै परम्परागत धार्मिक धारणहरू स्वीकार योग्य छैनन्। उदाहरणको लागि पृथ्वी ब्रह्माण्डको केन्द्र हो भन्ने विश्वासलाई विज्ञानले अन्त गरिसकेको छ। केही धर्मका लागि पृथ्वी नै ब्रह्माण्डको केन्द्र हो भन्ने धारणा कुनै समयमा पवित्र भनिएको भएता पनि धेरै पहिले नै मिथ्या सावित गरिसकेको थियो । आधुनिक मनोविज्ञानले मानिसको मन उसको शरीर जस्तै प्राकृतिक तथा आकस्मिक नियम भित्र रही अपरिवर्तन आत्मा विना नै काम गर्दछ भन्ने कुरा पत्ता लगाएको छ । धेरै जसो पुराना धार्मिक विश्वासहरू आधुनिक विज्ञानको दवाव परेर बिस्तारै बिलिन भई रहेका छन्। अव कुनै ईश्वरवादी सोचाई अथवा धार्मिक ग्रन्थ वा व्यक्तिको आड लिएर सत्यलाई सावित गर्न सकिंदैन।

विज्ञानले धेरै जसो धार्मिक रूढिवादीलाई प्रसिद्ध वैज्ञानिक सिद्धान्तको अनुरूप परिवर्तन हुन बाध्य तुल्याएको छ। उदाहरणको लागि डार्विनको सिद्धान्तलाई अघिसार्न सक्छौं। धेरै जसो धर्मले मानिसलाई देवताहरूबाट आएको विश्वास गर्थे तर डार्विनले मान्छेको पूर्वज बाँदर जस्तो भएको दावि गरे। उसको यस हाँस्यास्पद विचारले मानिसको दृष्टि र विकास देवताले गर्छ भन्ने विचारधारालाई एउटा प्रहार गरे । धेरै वर्ष सम्म यस सत्यलाई कतिपय धर्मले आफ्नो विश्वास माथि नै प्रहार भएको सम्झेर विरोध गऱ्यो। डार्बिनको यस विचारलाई सवै जसो महान विद्वानहरूले स्वीकार गरी सकेका छन्। सुरूमा विरोध गर्ने कतिपय धर्मले पनि आएर आफ्नै धर्ममा परिवर्तन गर्न बाध्य भएका छन्।

विज्ञानको आधुनिक खोज पछि यो भन्न सक्छौं कि ब्रह्माण्ड र यसमा रहेका जीवहरूबारे धेरै जसो धर्महरूले अङ्गालि रहेका धारणाहरू परीवर्तनीय एवं विद्वत्वताको एक सोचाई मात्र थिए । केही धर्महरूको लोक-सम्मत सँग नमिल्ने भनेर वैज्ञानिक खोजलाई तिरस्कार गर्ने गर्दछ । यस्तो सोचाई मानव मात्रको प्रगतिको बाधा सावित भएको छ। सिद्धान्तहरू दोष पूर्ण भएमा धर्ममा अविश्वास गर्नेहरूका संख्या बढ्ने छ। मानिसहरू अब अन्ध श्रद्धा तिर लाग्ने छैनन् र त्यस्तो कुनै कुरामा विश्वास गर्ने छन् जुन परम्परागत रूपमा मात्र चलि आएको छ। आज विज्ञानले मात्र विश्वास या अन्ध श्रद्धालाई कुनै स्थान दिएको छैन। *क्रमशः*



Downloaded from http://www.dhamma.digital

# अनन्त ज्योति श्रद्धेय भिक्षु सिङ्ग युनका धर्मचिन्तन–४

*अनुवाद*– **देवकाजी शाक्य**

( ३१ )

– जहाजहरू महासागरको मार्गमा चल्दछ ।
– प्रकाशले रात्रीको समयमा हामीलाई मार्ग प्रदर्शन गर्छ ।
– कुशल कार्यहरूले हामीलाई धर्मपरायणताको मार्ग दर्शन गराउँछ ।
– करूणा र जेहन्दारीले हामीलाई बोधिज्ञानको पथ देखाइ दिन्छ ।

( ३२ )

– हामीले
कारण र प्रभाव(परिणाम) को नियमलाई विरोध गर्न सक्तैनौं ।
– समय आइपुग्दा असल र खराब कर्मफलले हामीमाथि प्रभाव देखाउँछ ।
– हामीले सत्यको विरोध गर्न सक्तैनौं ।
– साँचो र झूठो, सक्कली र नक्कली समय आएपछि सबै थाहा हुन्छ ।

( ३३ )

– जहाँ धर्म हुन्छ त्यहाँ करूणा हुन्छ ।
– जहाँ धर्म हुन्छ त्यहाँ प्रज्ञा हुन्छ ।
– जहाँ धर्म हुन्छ, त्यहाँ आस्था र विश्वास हुन्छन् ।
– जहाँ धर्म हुन्छ, त्यहाँ तरिका हुन्छ ।

( ३४ )

– सबैभन्दा गहिरो इच्छा पूरा गर्न सबैभन्दा कठिन हुन्छ ।
– अज्ञानताले अन्धकार ल्याउँछ ।
– घृणा नै सबभन्दा तीतो गुनासो र रिसको कारण बन्छ ।
– डाह नै सबभन्दा ठूलो बाधक कारण हो ।

( ३५ )

– जहाँ गल्ती हुन्छ, त्यहाँ सजायँ हुन्छ ।
– जहाँ उपलब्धि हुन्छ, त्यहाँ पुरस्कार हुन्छ ।
– जहाँ रोपिन्छ, त्यहाँ फसल प्राप्त हुन्छ ।
– जहाँ कर्म हुन्छ, त्यहाँ कर्मफल हुन्छ ।

( ३६ )

– जसको स्वास्थ्य हुन्छ, त्यसको सौभाग्य हुन्छ ।
– जसको पुण्य हुन्छ, त्यसको जीवन हुन्छ ।
– जो सन्तुष्ट छ, ऊसँग धन र आर्य गुण हुन्छ ।
– जो आरामसँग बस्छ, ऊ निश्चिन्त हुन्छ ।

( ३७ )

– बुद्धिमान मानिसहरू भ्रमित हुँदैनन् ।
– जसलाई बुद्ध धर्मको विषयमा बोध छ, ऊ भ्रष्ट चरित्रको हुँदैन ।
– उदार चित्त बोकेका मानिसहरू आपद विपदमा चिन्तित हुँदैनन् ।

( ३८ )

– समाजमा चुनौतिबाट पन्छिनु भन्दा सामना गर्नु झन सजिलो हुन्छ ।
– व्यवसायमा सहनशीलताभन्दा जेहन्दारीता झन सजिलो हुन्छ ।
– सद्अभ्यासको शुरूमा मिहिनेत गर्नु, अन्त्यसम्म निरन्तर लाग्नुभन्दा सहज हुन्छ ।
– बुद्ध धर्ममा शिक्षालाई बुझ्नु सम्यक बोधभन्दा सजिलो हुन्छ ।

( ३९ )

– तिमी बुद्धले देखाउनु भएको मार्गमा हिँड्दैनौ भने तिमीले बुद्ध स्वभावलाई पहिचान गर्न र प्राप्त गर्न सक्तैनौ ।
– शीलहरू पालन गर्दैनौ भने तिमी आफ्ना कमी कमजोरीहरू चाल पाउँदैनौ ।
– ध्यान भावनाको अभ्यास गर्दैनौ भने तिमीले आफ्नो साँच्चैको स्वभाव चाल पाउँदैनौ ।
– प्रबुद्ध छैनौ भने तिमीले आफूलाई दुःखबाट मुक्त बनाउन सक्तैनौ ।

( ४० )

– निष्ठा र विश्वसनीयताले सद्गुणहरू बृद्धि गर्दछन् ।
– आत्मसम्मान र आत्मनिर्भरताले दुर्भाग्यलाई मेटाई दिन्छन् ।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# 'धर्म' गर्ने आधारभूत माध्यम–२

✍ **दोलेन्द्ररत्न शाक्य**

हामी 'जीवन' भन्छौं । धर्मको भाषामा यसलाई 'पञ्चस्कन्ध भनिन्छ । 'जीवनमा शरीर र चित्त समावेस हुन्छ । शरीर एक्लै पनि जीवन होइन, चित्त एक्लै पनि जीवन होइन । दुईटैको समन्वय जीवन हो । 'पञ्चस्कन्ध' भन्दा पाँच तत्वहरूको समूह हो – १) रूपस्कन्ध, २) वेदनास्कन्ध, ३) संज्ञास्कन्ध, ४) संस्कारस्कन्ध र ५) विज्ञानस्कन्ध । रूपस्कन्धभित्र शरीर पर्दछ । शरीर भन्दाखेरि हाड, छाला, रगत, मासु, नसा, मुटु, फोक्सो, आन्द्रा, आँखा, नाक, कान, जिब्रो, कपाल इत्यादि पर्दछन् । चित्त भन्दा अन्य ४ स्कन्धहरू पर्दछन् । वेदनास्कन्धले सुखदुःखको अनुभूति गर्ने काम गर्दछ, संज्ञास्कन्धले चिन्ने सम्झने काम गर्दछ, संस्कारस्कन्धले नयाँनयाँ थपिराख्ने काम गर्दछ र विज्ञानस्कन्धले जान्ने काम गर्दछ । यसबाट यो कुरा स्पष्ट हुन्छ कि शरीर र चित्त मिलेर जीवनधारा चलेको हुन्छ । यसलाई पालिमा 'नामरूप' भनिन्छ । नाममा ४ स्कन्ध र रूपमा १ स्कन्ध पर्दछ । यसैभित्र काय, वाक र चित्त समावेस छन् । कायबाट, वचनबाट र चित्तबाट कर्महरू निसृत हुन्छन् । कायबाट ३, वचनबाट ४ र चित्तबाट ३ गरी १० कुशल वा अकुशल कर्महरू बन्दछन् । यसबारे माथि पनि केहीमात्रामा भनिसकिएको छ ।

अतः धर्म वा अधर्म शरीरको माध्यमबाट हुन्छ, अन्यबाट होइन । मनुष्यलोक, देवलोक, ब्रह्मलोक जाने बाटो पनि यसै शरीरको माध्यमबाट तय हुन्छ । नरकलोक, असुरलोक, प्रेतलोक र तिर्यकलोकको बाटो पनि यसै शरीरलाई उपयोग गरेर नै तय हुन्छ । धर्म अथवा पुण्य गर्ने माध्यम पनि यही शरीर हो र अधर्म अथवा पाप गर्ने माध्यम पनि यही शरीर नै हो । दुःखका कारणहरू पनि यसै शरीरबाटै बन्छन्, सुखका अझ भनौं अक्षय सुखका कारणहरू पनि यसै शरीरबाट बन्दछन् । धर्म वा अधर्म भनेको शरीरलाई सदुपयोग गर्नु वा दुरूपयोग गर्नुबाट हुन्छ । यहाँ शरीर भनेको काय, वाक र चित्तलाई भनिएको हो भनेर बुझ्नुपर्छ ।

चार आर्य– सत्य खोज्न, जान्न र बुझ्न अन्त कहीं जानुपर्दैन । ती चारैवटा सत्ययही शरीरमा नै मौजुद छन् । जुन जीवन हामीलाई मिल्दैछ त्यो नै दुःख-सत्य हो । जीवन धारण गरी बारम्बार जरा-मरणको सिकार भइरहन पर्नु नै त दुःख हो । यो 'दुःख आर्य-सत्य' भयो । दुःख समुदय आर्य-सत्य पनि यसै शरीरमा छन् । अविद्या, संस्कार, तृष्णा, उपादान र कर्म-भव दुःखका कारणहरू हुन् । यी कारणहरू यो शरीरबाहिर हुँदैन । चित्त शरीरभित्र विराजमान हुन्छ । चित्तमा नै अविद्या, संस्कार, तृष्णा, उपादान र कर्म-भव हुन्छन् । यिनीहरूले नै हामीलाई बारम्बार भवमा धकेल्ने काम गर्दछन् र मृत्युको सिकार बनाउँछन् । यी पाँचमध्ये अविद्या, तृष्णा र उपादान क्लेशवट्टमा पर्दछन् भने संस्कार र कर्म-भव कर्मवट्टमा पर्दछन् । यी पाँचैवटा समुदय-सत्यअन्तर्गत आउँछन् । दुःख निरोध-सत्य दुःख–मुक्तिको अवस्था हो जसलाई निर्वाण भनिन्छ । यसको साक्षात्कार पनि यसै शरीरलाई सम्यकरूपले भाविता गरी हुनसक्छ । निर्वाणको साक्षात्कार गर्ने मार्ग वा उपाय पनि यसै शरीरमा भेटिन्छन् ।

शील, समाधि र प्रज्ञाको आचरण नै निर्वाण साक्षात्कार गर्ने मार्ग हुन् । वची कर्म र कायिक कर्मलाई सम्यक बनाउनु नै शील हो । यो काम शरीरअन्तर्गत नै आउँछ । समाधि भनेको मनको एकाग्रता हो । मन पनि शरीरभित्रै हुन्छ र मनको भाविता गर्न सकिन्छ । प्रज्ञा भनेको प्रत्यक्ष ज्ञान हो जुन स्वानुभवबाट विकसित गर्न सकिन्छ । बाहिरबाट आयात गरेर हुने होइन । अनित्य, दुःख र अनात्माको भाविता गर्नु र त्यसको प्रकाशमा संस्कारजन्य पदार्थको निरीक्षण परीक्षण गर्नु र परिष्कृत पार्दै लैजानु नै प्रज्ञाको काम हो । यी सम्पूर्ण कामहरू शरीरको माध्यमबाट नै फलिभूत हुन्छन् । अतः शरीरलाई नै धर्मको माध्यम बनाएर निर्वाणोमुखी हुन सकिन्छ ।

भवतु सब्ब मंगलं ।

❖



Downloaded from http://www.dhamma.digital

# बौद्ध झण्डा
## (वज्रयानी दृष्टिकोणबाट)

✍ डा. मनिसरत्न वज्राचार्य

हरेक साल वैशाख पूर्णिमा (स्वाँया पुन्हि) बुद्ध जयन्तीको अवसरमा र उहाँले दिनु भएको ज्ञान प्रति श्रद्धा भएका व्यक्तिहरूले बुद्ध धर्मको झण्डा फरफराउँछन् । यो दिन संयुक्त राष्ट्र संघले बिदा दिने गरेको छ । यस प्रकारले अन्तर्राष्ट्रिय स्तरमा पनि बुद्ध जयन्ति आधिकारिक रूपमा मनाई रहेको छ । त्यसैले बौद्ध झण्डा विषयमा जान्न अतिनै आवश्यक देखिन्छ ।

यो झण्डा सन १८८५ मा हेनरी स्टीले ओल्कत (Henry Steele Olcott) र अन्य श्रीलंका बौद्ध समुदायका सदस्यहरूले मिलेर बनाएका हुन् । सन १९०५ मा विश्व बौद्ध सदस्यहरूको समेलनमा (World Fellowship of Buddhist Conference) यो झण्डा विश्व विश्व भरिनै लागु गर्ने निधो गरियो । श्रीलंकामा सन् २०१२ मा, बौद्ध झण्डा बनेको १२७ वर्षको उपलक्षमा १३५० मिटर लामो कपडाको प्रयोगबाट बनेको बौद्ध झण्डा बनाउन १८ लाख श्रीलंकाली रूपैंया खर्च गरिएको समाचार छ ।

बौद्ध झण्डामा नीलो, पहेंलो, रातो, सेतो र पाँचौं रङ्ग, बिभिन्न बौद्ध समुदायहरूले थरीथरी रंग प्रयोग गरिएका देखिन्छन् । बर्माका थेरवादि र जापानका जोडो शिन्शु (Joddo Sinshu) समुदायहरूले गुलाबी, तिब्बती वज्रयानीहरूले खैरो र नेपालका वज्रयानीहरूले हरियो रंग, इत्यादि प्रयोग गरेका छन् । थाइलैण्डका थेरवादिहरूले पहेंलो रंगलो रंगको झण्डाको बीचमा रातो रंगको धर्म चक्र प्रयोग गरेको छ ।

बौद्ध झण्डामा रहेको पाँच रङ्ग सिद्धार्थ गौतम बुद्धले बुद्धत्व प्राप्त गर्दा खेरि उहाँको शरीरबाट प्रकाशित पाँच प्रकारमा रश्मि (प्रकाश) को चिन्ह वज्रयानीहरूले यस प्रकारले लिएका छन् ।

(१) नीलो तेज बुद्धको कपालबाट प्रकाशित रश्मि हो । यसलाई संसारमा भएका सबै प्राणीलाई करूणाको (Universal Compassion) रुपमा लिइएको छ ।

(२) पहेंलों तेज बुद्धको छालाबाट प्रकाशित रश्मि हो । यसलाई मध्यम मार्गको (Middle Path) प्रतीकको रूपमा लिइएको छ र जसले सबैलाई बराबरी र मुक्ति गराउँछ ।

(३) रातो तेज बुद्धको मासुबाट प्रकाशित रश्मि हो । यसले बुद्धको शिक्षाबाट पाउने आशिर्वादको (Blessings) प्रतीकको रूपमा लिइएको छ ।

(४) सेतो तेज बुद्धको दाँत र हड्डीबाट प्रकाशित रश्मि हो । यसले बुद्धको शिक्षाको शुद्धता (Purity) र यसबाट पाउने मुक्ति प्रतीकको रूपमा लिइएको छ ।

(५) सुन्तला रंगको तेज बुद्धको ओठ (Lips), कुर्कुच्चा (Heel) र हत्केलो (Palm) र बाट प्रकाशित रश्मि हो । यसलाई बुद्धको शिक्षाबाट पाउने प्रज्ञाको (Wisdom) प्रतीकको रूपमा लिइएको छ ।

(६) बौद्ध झण्डामा रहेको छैठौं खम्बामा माथि उल्लेखित पाँच वटा रंगले भरिएको छ र यसलाई बुद्धको शिक्षा सार्वलौकिक सत्य (Universal Truth) को प्रतीकको रूपमा लिइएको छ ।

नेपालका वज्रयानीहरूले बौद्ध झण्डामा रहेको पाँच वटा रङ्ग पञ्च बुद्धको चिन्हको रूपमा लिइएको ।

(१) नीलो रंग ईर्ष्या, घमण्ड, लोभ, आदिबाट मुक्तको रूपमा लिइएको छ । उदाहरणको लागि नीलो आकाशमा कुनै कालो र सेतो बादल नभएको जसले मनमा कुनै राग र द्वेष नभएको भन्ने बुझाउँछ । यस्तो बादल रहित आकाशलाई गगन भन्ने गर्दो रहेछ । यो रङ्ग अक्षोभ्य बुद्धको चिन्हको रूपमा लिइएको छ र यो कानसँग सम्बन्धित छ यो आवाजको लागि हो ।

(२) पहेलो रंग बराबरीको रूपमा लिएको छ । उदाहरणको लागि सूर्यले सबै जीव र निर्जीव बस्तुलाई भेदभाव नगरी बराबरी रूपमा प्रकाश दिन्छ । यो रङ्ग रत्नसंभव बुद्धको चिन्हको रूपमा लिइएको छ र यो नाक सँग सम्बन्धित छ यो बास्नाको लागि हो ।

(३) रातो रङ्ग होश र अठोटको रूपमा लिइएको छ । यो रङ्ग अमिताभ बुद्धको चिन्हको रूपमा लिइएको छ । यो जीब्रोसँग सम्बन्धित छ यो स्वादको लागि हो ।

(४) सेतो रङ्ग शान्ति, कारणको उत्पत्ति र शुद्धताको रूपमा लिइएको छ । यो रंग वैरोचन बुद्धको चिन्ह हो । यो आँखासँग सम्बन्धित छ यो हरेक चीजको आकार प्रकार हेर्नको लागि हो ।

(५) हरियो रङ्ग अगाडि बढ भन्ने सकारात्मक बिचारको रूपमा लिइएको छ । यो रंग अमोघसिद्धि बुद्धको चिन्ह हो । यो शरीरसँग सम्बन्धित छ जुन स्पर्शको लागि हो

(६) बौद्ध झण्डाको छैठौं खम्बाका मिश्रत रंगले सबै एउटै हो र एउटै सबै हो (All in one and One in all) भन्ने आश्य बुझाउँछ ।

यी पाँचवटा रङ्ग मानवमा भएको चरित्र भनेर पनि बुझाउँछ । त्यसै गरि संसारको हरेक सेतो रश्मि वैरोचन बुद्ध, नीलो रश्मि अक्षोभ्य बुद्ध, पहेंलो रश्मि रत्नसंभव बुद्ध, रातो रश्मि अमिताभ बुद्ध, र हरियो रश्मि अमोघसिद्धि बुद्ध सँग सम्बन्धित छ । कुनै पनि वस्तु चारवटा धातु पृथ्वी, जल, अग्नी र वायु मिलेर बनेको हुन्छ । पञ्च बुद्धमा रहेको गुण जस्तै आकार, ध्वनि आवाज, बास्ना, स्वाद र स्पर्श चार धातु सँग सम्बन्धित छ । संसार यही त हो नि । कसैले आकाशलाई पाचौं धातुको रूपमा लिएको छ ।

यसरी अनेकौं अर्थ भएको बौद्ध झण्डा विश्व शान्तिको लागि चिन्ह पनि हो । ❖

सन्दर्भ सामग्रहरू :

१) www.buddhistcouncilofqueensland.org
२) wikipedia.com
३) बौद्ध झण्डाबारे वज्रयानी धारणा - श्री यज्ञमान पति वज्राचार्य
४) पञ्चबुद्ध रङगया महत्त्व - सुमति वज्राचार्य (बज्रयान त्रैमासिक भाग-९)
५) The Gunakar Mahavihar by Late Yadi Ratna Bajracharya



Downloaded from http://www.dhamma.digital

# फूट मखु समन्वय

✍ गणेश माली

भीगु समाजे मनूपत्तिकं धैथें विचार भिन्नता दयाच्वनि, प्रत्येक सिया लालनपालन, परवरिश, शिक्षा संस्कार छगू हे जुइमखु जेनेटिक भिन्नता नं दयाच्वनी । अथे जू सां नं, समाजे शान्ति या लागी, समृद्धिया लागी, मिले जुया ज्या याय्गु, समन्वय (Compromise) याय्गु, विविधता दथ्वी नं एकता कायम याय्गु, विभिन्न ध्येय ज्वना जुयाच्वंपिं पेशागत मनूत वा समूह, समुदाय, दल दथुइ नं टकरार व संघर्ष मखु, समन्वय व सहमति कायम याय्गु नं अत्यावश्यक जुयाच्वनी ।

यदि निक्ति निक्ति खें समन्वयया लँ पुइ मवंसे निम्ह तिपू व्याघलं च्वन धाःसा, समन्वयया लँ पुइ मवंसे यदि विचार भिन्नताया कारणं परिवार यापिं सदस्य, समाज, संगठन दल वा पार्टीया मनूत छखे छखे स्वया जुल धाःसा परिवारया छु हालतज्वी, समाजया छु हालत ज्वी, देशया छु हालत ज्वी ? भीसं अपुक अनुमान याय्फु । स्वः स्वः थाय् कलह जालभेल षडयन्त्र, दमन संघर्ष, लडाईं, भगडा अन्याय अत्याचार वाहेक छुं दैमखु । थ्व मेल मिलाप शान्ति समृद्धि व उन्नतिया लँ मखु पतनया लँ खः । शान्ति व समृद्धिया लागी फूट मखु, समन्वय तथा एकता आवश्यक जू धकाः थुइकाः हे संसारे विभिन्न परिस्थिति बिचे नं समन्वय, सहमति, सहलह वा मेलमिलाप कायम याय्गु प्रयत्न नं जुया मच्वंगु मखु । मानव समुदाय वा समाजे फूट जुया संघर्ष मजुय्मा धकाः हे साम्यवादी विचार कथं छगूहे दलया शासन या अवधारणा न्ह्यब्वयाच्वंगु दुसा, लोकतांत्रिक पद्धति कथं नं विभिन्न विचार धाराया दथ्वी नं चुनाव याना प्रतिनिधित्वया आधारे संसद गठन यानां बहुमतया आधारे मेलमिलाप यानाः शासन चले याय्गु अवधारणा न्ह्यब्वयाच्वंगु दु । द्वितीय विश्व युद्ध लिपा हानं विश्व युद्ध मजुय्मा धका मेलमिलापया नितिं संयुक्त राष्ट्र संघया अवधारणा दय्का च्वंगु दु । देशे अशान्ति मजुइमा धकाः ऐन कानून दय्का दण्ड–पुरस्कारया व्यवस्था याना तःगु दु । विभिन्न धर्म समुदायनं परोपकार, दया, सहनशीलता, भातृत्व–प्रेम हानं शील भावना व सर्वधर्म समन्वयया नारा थ्वय्काच्वंगु दु ।

किन्तु अपशोचया खँ थ्व खः कि थुलि मछि जुयां नं संसारथाय् थासे, शान्ति समन्वयया पलेसा, ल्वापु ख्यापुयाहे वातावरण खने दु, धर्म–धर्म दथूई, दल–दल दथ्वी, समुदय–समुदय दथ्वी, परिवार–परिवार दथ्वी, परिवारे दाजु किजा तता केहें पिनि दथ्वी, ल्वापु जुयाः कुटाकुट फूटाफूट जुया च्वंगु दु । न्यायालय भगडाया फाइलं जाया च्वंगु दु ।

थथे छाय् जुया च्वन ?

थथे थ्व हे कारणं जुयाच्वन कि थ्व संसारे फूटयागु लँ गुलि अःपु मेलमिलाप वा समन्वयया लँ उलि हे थाकुया च्वंगु दु । आदिम काले जंगली समाजनिसेंया पाशविक (पशुतय्गु) समाज हे वुलुहुँ हिलाः वर्तमान मानव समाज कायम जुया च्वंगु खः-थ्व ऐतिहासिक तथ्य खः ।

अथे जूगुलिं थौं तक नं अप्वः मनूतय् नुगःले पाशविक प्रवृत्ति ल्यं दनि, राग, द्वेष, मोह, काम, क्रोध, लोभ, अभिमान, ईर्ष्या, आदि क्लेश ल्यँ दनि, पशु तय् समाज थें बल्लात्याः या नीति ल्यँ दनि, मोह या कारणं अप्वः मनूतय्के मिथ्या दृष्टि दया च्वंगु हे दनि । थथे जूगुलीं हे संसारय् धन व शक्तिया आःतक नं राज हे जुयाच्वंगु दु, हतियार या आधारे हे राजनीति चले जुया च्वंगुदु । मुख्य याना धन व शक्तिया प्यासं हे संसारे थुलि मछि दुश्शीलता, हिंसा, चोरी, फटाईं, व्यभिचार, भ्रष्टाचार जाल भेल, षडयन्त्र, आदि जुयाच्वंगु दु ।

मनूतय्गु नुगले आतंकं ल्यना च्वंगु पाशविक प्रवृत्तिया हे कारणं फूट, दमन शोषणया लें वने अपुया च्वनं, मेल मिलाप समन्वयया लें वने थाकुयाच्वन ।

किन्तु भीसं थ्व ल्वमंके मज्यू कि संसारे गुलि नं उन्नति जुयाच्वन, व फूटया कारणं मखु समन्वय व समृद्धिया कारणं हे खः । गुलिनं अवनति जुयाच्वन व फूट व अशान्ति या कारणं जुयाच्वन ।

अथे जूगुलिं प्रत्येक मानवया उद्देश्य, थःके दुने च्वंगु पशुत्वयात क्वत्यला, फूट संघर्ष अशान्तिया लँ तोःता, समन्वय समृद्धिया लें वनेगु हे ज्वीमा । थ्व हे मानवताया लँपु खः धर्मया नं लंपु खः । दक्वसिया मंगल ज्वीगु लँपु नं खः । ❖



Downloaded from http://www.dhamma.digital

# शान्तिया लुखा चायक्यनु!

✍ आनन्द मान सिंह तुलाधर
*भोताहिटि, यें*

मन हे मदुसा शरीर दयां छुयाय्,
मनया बसे जक च्वनाः ध्यान यानां छुयाय् ॥
आनन्द धैगु छतिं मदुसा
शान्ति मदुगु जीवन म्वानां छुयाय् ॥
माया दया धैगु भ्याः हे मदुथाय्
द्योमदु देगः दयां छुयाय् ?
मिखा हे मदुसा जः दयां छुयाय् ?
पित्याः मजूसा नय्गु दयां छुयाय् ?
न्ह्यःहे मवःसा झासु लनां छुयाय् ?
प्याय् मचाःसा लः त्वनां छुयाय् ॥
मुलुहे मदुसा सुका दयां छुयाय् ?
झङ्गःहे मदुसा पञ्जः दयां छुयाय् ॥
उकिंहे जुई बुद्धं लुइकूगु गुलिनं दु थन,
अनित्य बस्तु नश्वर देह सिइकाः थु इकाः ॥
नाला कायनु उगु बोधिज्ञान
थःपिंनं सत्तिक वनेसा परिनिर्वाण ॥
भवतु सब्ब मंगलं !!!

# कुतः याना स्व

✍ हेरारत्न शाक्य
*युवक बौद्ध मण्डल*

कुतः याना स्व सुगति वनेत
कुतः याना स्व मार्गफल लाय्त (धुवा)
श्रद्धां झीसं बुद्ध पुज्याना
झीसं श्रद्धां धर्मखँ न्यना
स्व पासापिं झीसं न्यं जक न्यना
व्यवहारे धाःसा छयलेगु मयाना
- धुवा
झीपिं थासय् लाकेत न्वाना बिज्याःगु
निर्वाण थ्यंकेत लँ क्यना बिज्याःगु
वना हे मस्वःसा गथे थ्यंके फइगु ?
याना हे मस्वःसा लाभ गथे जुइगु ?
- धुवा
आः तक झीपिं पृथकजन तिनि
अपाय दुर्गती नं लाय्– फुनि
क्वातुगु कुतलं मार्गफल लाय्नु
भव दुःख तंकः सुखं म्वाय् सय्कयनु ।
- धुवा

*( थ्व म्यें खुक्वगु बौद्ध संगीत जागरण ज्याभ्वः इतुम्बहाले जूबले प्रस्तुत यानागु म्यें खः )*

# थेरवाद बुद्धधर्ममा स्नातकोत्तर (माष्टर डिग्री) अध्ययन गर्नुहोस् भर्ना खुल्यो !!!

लुम्बिनी बौद्ध विश्वविद्यालयसंग सम्बन्धन प्राप्त गरी बुद्धधर्ममा एम. ए. तहको कक्षा संचालन गर्दै आएका क्याम्पसहरू मध्ये अग्गमहापण्डित डा. भिक्षु ज्ञानपूर्णिक महास्थविरको संस्थापक अध्यक्षतामा स्थापित यस **थेरवाद बुद्धिष्ट एकेडेमी**मा शैक्षिक सत्र २०७०–७१ (२०१३–१४) दोश्रो ब्याएचको कक्षा संचालनको निम्ति आवेदन फाराम वितरण भैरहेको छ । नेपाल सरकारबाट मान्यता प्राप्त स्वदेशी वा विदेशी क्याम्पसबाट कुनै पनि विषयमा स्नातक तह वा सो सरह उत्तीर्ण गरेका ईच्छुक महानुभावहरूलाई समयमै भर्ना हुन आह्वान गरिन्छ ।

*कक्षा सञ्चालन समय* : विहान ७:००–९:१५ श्रावण देखि ।
*स्थान* : विश्वशान्ति विहार, मीनभवन, नयाँ बानेश्वर ।
*सम्पर्क फोन* : ४६२२९८४, ९८४११७४७२०, ९८५१०५२९२८
*आवेदन दिने अन्तिम मिति* : २०७० असार मसान्तसम्म ।



Downloaded from http://www.dhamma.digital

# अध्यात्म शक्ति–२

✍ **देवेन्द्र सिटौला**

परापूर्वकालमा वर्णाश्रम धर्म परम्परामा गुरुकुल थियो, गुरु शिष्य परम्परामा जीवन सञ्चालन चक्रमा अभ्यस्त एउटा उच्च पथ थियो र त्यो पूर्वीय दर्शनमा एउटा जीवन कला पनि थियो । जीवनको कुल समयावस्थालाई चार भागमा बाँडिएको थियो; ब्रह्मचर्या, गृहस्थ, वानप्रस्थ र सन्यास आश्रम गरी २५ वर्षका दरले । सुरुको पच्चीस वर्ष संयमताका लागि, शक्ति सञ्चय गरी पछिका अवस्थामा भोग तृप्तिका लागि शरीर र मनको सम्पदा सञ्चय गर्ने वर्ष हुन्थ्यो– ब्रह्मचर्या आश्रम । अर्थात् जीवन ऊर्जा पर्याप्त भएपछि भय र आलस्य हुँदैन र मन पनि रोगी हुँदैन भन्ने मान्यतामा गृहस्थ आश्रममा प्रवेश गर्दा चाहिने गतिशील ऊर्जा सञ्चय गर्न राम्ररी भोग गरी तृप्त अवस्थाको प्राप्तिका लागि शक्ति सञ्चयको चरण हुन्थ्यो यो । अनि बाल्यकाल अर्थात् सुरुको जीवन जति परिश्रमयुक्त र कठिन हुन्छ बाँकी जीवन त्यति नै सन्तुष्टि र सुखी हुन्छ भन्ने मान्यताले पनि स्थान पाएको थियो । त्यसैले यो श्रम, साधना र संकल्पको, कठोर परिश्रम र अनुशासनको आचरण हुन्थ्यो । यो शक्तिको प्रभात थियो । तर आज हेरौं त, के भइ रहेछ ? कसरी बित्छ जीवन सुरुको अवस्थामा ?

आजभोलि स्वतन्त्रता र उन्मुक्त वातावरण भनेर पन्ध्र-सोह्र वर्षमा नै केटाकेटी प्रेमका नामका उल्झनमा फस्ने, विवाह नै नगरी बच्चा जन्मने, पारिवारिक जीवनका श्रेष्ठतम गुण र मान्यता हराउने, साना कुरामा छिनभरमै सम्बन्ध-विच्छेद हुने र जीवनको प्रज्ञा प्रदायिनी ऊर्जा जथाभावी द्वन्द्व, क्रोध, भय र पीडामा खेर फाल्ने चक्रमा फसेका छन्, जुन पश्चिमी संस्कारको अन्धाधुन्ध अनुशरणको उपज र विकृत रूप हो र यसले उनीहरूको जीवनमा पछि ल्याउने प्रभाव पीडादायी छन् ।

आजभोलि कतिपय विद्यालयलाई गुरूकुलको नाम दिइन्छ र झट्ट सुन्दा यो शब्द ऋषियुगीन आस्था-प्रतिष्ठा जगाउने ज्ञान र शिक्षा पीठलाई जनाउँछ, तर नामले मात्र हुँदैन । फूल प्लास्टिकका टलक्क परेका बजारमा खुब छन् आजभोलि, सुगन्धरहित तर तिनलाई भगवान्का मन्दिरमा जबर्जस्त चढाइयो भने त्यो चढाउनेको भाव, मर्म र प्रतिष्ठायुक्त नमन हुँदैन, निरस औपचारिकता हुन्छ । गुरूकुल हुन् त्यो पद्धति, संस्कार र मान्यताअनुरूप शुद्ध र मूलभूत आदर्श र मर्यादाद्वारा स्थापित गर्न सक्नुपर्छ भलै अहिलेको आधुनिक र विज्ञानको युगमा पुरातनशैली र आकार-प्रकारमा जंगलमा झुपडी बनाएर र कन्दमूल खाएर बस्नुपर्छ भन्ने होइन, तर राम्रा संस्कारको मूल र प्रतिफल स्पष्ट देखिनुपर्छ । अर्थात् नैतिक भौतिक, ज्ञान–विज्ञान अनि मस्तिष्क हृदयको पक्षलाई राम्ररी समायोजन गर्नुपर्छ शिक्षा पद्धति बनाउँदा, मात्रा मिलाएर पोषण गर्न सक्नुपर्छ राम्रा विषयको । मूल तत्व नष्ट भएर नाम र स्वाङले मात्र प्रतिफल प्राप्त हुँदैन । शिव बुद्धको पवित्र भूमिका रूपमा चिनिने यो देशमा बाहिरैबाट यहाँ आएर पनि विभिन्न प्रकारले योगदान पुऱ्याउने शिखर पुरुषको सूचीमा पर्ने एउटा नाम हो–खप्तड बाबा । प्रायः सबैले सुनेको, पढेको र देखेको पनि । उनी एउटा आधुनिक चिकित्सकबाट चर्चित योगी भए । रहस्यपूर्ण जीवन कथा बोकेर अनि क्लिष्ट वेदान्त, योग र मन विज्ञानको अनुभवी व्याख्याता पनि । यी विषयमा गहन पुस्तक पनि लेखे र अलौकिक तथा सूक्ष्म विषयलाई विज्ञानसम्मत व्याख्याद्वारा प्रमाणिकता दिन कोसिस गरे । चर्चित पुस्तकमध्ये धर्म विज्ञान लेख्न उत्साहित हुनुपरेको कारणबारे पुस्तकको भूमिकामा मर्मस्पर्शी र मननयोग्य विषय पनि उजागर गरेका छन् । भौतिकताले ग्रस्त र पश्चिमी संस्कृतिको प्रभावका कारण हृदय भाव, संवेदन तथा हार्दिकता हराउँदै गएर वृत्ति चलाउने र भोग्ने मात्र कलामा पोषणता दिने अनि विजातीय संस्कृतिको घुलमिलका कारण धर्म, पाप, पुण्य, संस्कार, संस्कृति जस्ता विषय सुन्न र बुझ्नै नचाहने गरी अधुरा वा अपूर्ण जीवन गन्तव्यतर्फ उन्मुख हाम्रा बालबालिका र युवायुवतीको भविष्यबारे एकपटक गम्भीर भएर सोच्न अभिभावकलाई राम्रो सन्देश दिन्छ पुस्तकको भूमिकामा अन्तरनिहित सारले ।

नैतिक दृष्टिबाट टाट उल्टिएर र आध्यात्मिक दृष्टिले कंगाल हुँदा जीवन ऊर्जा अशुद्ध भई नैतिक ह्रास आएका बेलामा खप्तडबाबाका पुस्तकले प्रदान गरेका शिक्षा पठनीय र मननीय छन् मातापिता र सन्तानलाई पनि । अनि पैसाका बलमा चाख विपरीतका जबर्जस्त शिक्षा लाद्ने संस्कृति बढ्दै जाँदा बालबालिका असफल हुने, प्रतिभा प्रस्फुटिट नहुने र सिर्जना लोप हुने डर छ राष्ट्रमा । एउटा बालक डाक्टर, इन्जिनियर, कवि, कलाकार तथा खेलाडी के बन्न चाहन्छ भन्ने कुराको निधो गर्ने कारक के छन् त्यता पनि ध्यान दिनु जरूरी छ । प्राचीन गुरूकुल परम्परामा शिष्यको ग्रहणशक्ति, बुद्धिको सूक्ष्मता, स्मरणशक्ति र सिर्जनात्मक अन्वेषण शक्तिलाई ध्यान दिइन्थ्यो । त्यसबाट उनीहरूमा तमस निकाल्ने, रजस लगाम लगाउने र सत्य जगाउने सामर्थ्य बढ्थ्यो । अहिले हेरौं बाबु आमाले आफ्नो सन्तानलाई धन–दौलत, सान-सौगात र फूर्तिफार्तीको उत्तराधिकारी बनाउन त सजिलै सक्छन् तर राम्रा संस्कार, गुण र चरित्रको उत्तराधिकारी बनाउन हत्तपत्त सक्तैनन्, प्रायः सकिरहेका छैनन् र यसका लागि केवल चाहना मात्रले पुग्दो रहेनछ । कारकतत्व छन्; सञ्चित संस्कार, संगत, खानपिनको आदत, शिक्षा आर्जन गराउने पद्धति अनि त्यसको गुणधर्म र सोही अनुकूलको पथ प्रदर्शन ।

❖



Downloaded from http://www.dhamma.digital

# “धर्मकीर्ति अश्वघोष सम्मानं” छाय्पीगु ताःलानादीम्ह भाजु बरदेश (देवेन्द्र) मानन्धरया म्हसीका

## धर्मकीर्ति विहार व अध्ययन गोष्ठीई वय्कःया योगदान

*प्रस्तुती-* **इन्द्र कुमार नकःमि**

२०२० आश्विन ७ गते सुवर्णभूमिं (बर्मा) रत्न मञ्जरी गुरुमां व धम्मवती गुरुमांपिसं दुःखं मुक्त ज्वीगु अमूल्य शिक्षायात दुग्यंक अध्ययन यानाः मांगुणवती गुरुमांनाप नेपाःमि पिनिगु पुण्यरूपि पुसायात भिंगु बुँई पीत नेपाः लिहाँ बिज्यात। थम्हं सय्कागु भिंगु, स्यल्लाःगु व दुग्यंगु लँपुयात झीत क्यनाः दुःखं मुक्तगु लँपुई पलाः छिकाः धर्मकीर्ति झीगु नुगलय् थ्यंक दुस्वाकेया नितिं २०२२ बैशाख २६ गते शनिवार थनया श्रीघः नःघलय् पुण्य भूमिया रूपय् धर्मकीर्ति विहार धस्वाःगु जुल।

धम्मवती गुरुमाँया मार्ग निर्देशनय् मांगुणवती गुरुमां व रत्न मञ्जरी गुरुमांपिसं मल जलया रूपय् तिवः बियाः धस्वाःगु धर्मकीर्ति विहारय् छगः बल्लागु, स्यलाःगु दथु थां कथं श्रद्धेय भिक्षु अश्वघोष महास्थविर पिलू बिज्यात। भिंगु पुसायात भिंकथं ह्वयेकेया नितिं वसपोलपिं श्रद्धेय अश्वघोष भन्ते, मांगुणवती गुरुमां, रत्न मञ्जरी गुरुमां व धम्मवती गुरुमांपिसं थःगु जीवन पाना बिज्यात, गुकिया लिच्वः थौं झीगु प्रगति व उन्नतियात छकः दुवाला स्वःसा थुकीया श्रेय न्हापां वसपोल भन्ते गुरुमांपिन्त मब्यूसे मगाः। वस्पोल श्रद्धेय गुरुपिनिगु देन प्रति नतमस्तक जुया।

भन्ते, गुरुमांपिनि धर्मदेशना न्यनाः प्रभावित जूपिं उपासक उपासिकापिसं धर्मया महत्त्वयात थुयाः थः काय् म्ह्याय् वा छय् छुईपिं पासा ब्वनाः वयेगु यात। खुदँ लिपा २०२८ जेष्ठ १ गते स्वाँयापुन्हिया लसताय् यलया हेराकाजी सुचिकाः या सक्रियताय् नेपालय् न्हापांगु पटक “बौद्ध न्ह्यसः लिसः कासा” जुलः। उगु ईलय् धर्मकीर्ति विहार नं छगू जहाँ थिना च्वंगु नौं थें जुयाच्वंगु ईलय् धर्मकीर्ति विहारंनं ब्वति काःगु जुया च्वन। मचा ल्याय्म्ह ल्यासेपिनगु पुचःलय् बरदेश मानन्धर व नानीमैयाँ मानन्धरया पुचः नायो रत्नदेवी मानन्धर जुयादिल। न्यंगु न्ह्यसःया लिसःत पुचःया जःपिंके वःसां पुचः नायो नं हे जक लिसः बीमाःगु नियम कथं मस्तय्सं धाःगु लिसःयात पुचः नायो नं ध्वाथुईके मफुगु व हानं तस्सकं थः पुचः नायोयात धाःसां मेगु पुचलं नं ताईगु जुयाः चिसकं धाय्माःगु व थःगु म्ह्धिकः तस्सकं तग्वारा जूगुलिं व उमेरं यानाः ईया दुने लिसः बी मफुत। थःपिंके वःगु लिसःलं हे छसिकथं द्याका च्वने मालः। गुकींयानाःव क्षणय् धर्मकीर्ति पुचः मेमेपिनिगु नितिं हास्यास्पद जुल। थःपिसं उत्साह पूर्वक सयेका सिईका वनाः नं अझंला थःपिन्के लिसःत वय्क वय्कं हे बाँमलाक्क बुके मालः। “हण्डरं मनूत परिपक्व जुइ” धयाथें व ईलय् यलं यें लिहाँ ववं लँय् हे उगु मचा ल्याय्म्ह ल्यासे पिनिगु छपुचलं थः गुरु धम्मवती गुरुमांयात “झी नं युवा तय्गु अध्ययन पुचः छगू दयेके माल” धकाः तःगु प्रस्तावयात वयाँ ७ न्हू दुखुन्हु २०२८ जेष्ठ ७ गते शुक्रवार ३० म्हेसिया छगू पुचःलं “धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी” नीस्वंगु जुलः। संस्थापक दुजः कथं बरदेश दाईया नां दकलय् न्ह्योने लाःवः। सु न्ह्यलुवाः जुयाः न्ह्यज्याना दी वहे दकले न्हापा नां वइगु जुलः। अलेला छु बरदेश दाई प्रमुख सकल दुजःपिनिगु नितिं दुग्यंक अध्ययन यायेगु पलाः सशक्त रूपं न्ह्यातः। विशेषं बरदेश दाईनं ला उगु ईलय् युवक बौद्ध पुस्तकालयसं स्व-अध्ययनं थःगु बौद्धिकतायात वृद्धि याना दिल।

**अध्ययन गोष्ठीया प्यंगू आज्जुया प्रतिमूर्ति बरदेश दाईः**

**(क) बुद्ध शिक्षाया स्व-अध्ययन क्षेत्रय् :**

बुद्ध शिक्षाया स्व–अध्ययन यायेगुलि गोष्ठीया दुजःपिं मध्ये सम्भवतः वईलय् बरदेश दाई हे न्ह्यःने ज्वीमाः। ल्याय्म्हचा बलय् थः अजि रत्नदेवी मानन्धरनापं धर्मकीर्ति विहारय् पलाः न्ह्याका दीम्ह वय्कलं उगु ईलय् खूब स्वअध्ययन याना दिल। छगूला छँ सतीगु व मेहनतिं यानाः बहनी ख्युंक तक नं उबलय्या युवक बौद्ध पुस्तकालय् याकःचा हे न्हि न्हिं हे अटूट रूपं अध्ययन याना दिल।

*क्रमशः*



Downloaded from http://www.dhamma.digital

# धर्मकीर्ति विहार

## गतिविधि

### धर्मकीर्ति विहारमा २५५७ औं बुद्ध पूर्णिमा महोत्सव

धर्मकीर्ति विहारमा २५५७ औं बुद्ध पूर्णिमा दिवस विभिन्न कार्यक्रमहरू संचालन गरी यसरी मनाइएको छ ।

*विहान*– शील प्रार्थना पश्चात् चमेली गुरुमांले बुद्ध पूजा कार्यक्रम संचालन गर्नु भएको थियो भने धम्मवती गुरुमांले धर्मदेशना गर्नुभएको थियो ।

दिउँसो– वीर अस्पतालमा विस्कुट वितरण–

वीर अस्पतालका बिरामीहरूको सुस्वास्थ्य कामना गरी धर्मकीर्ति विहारका गुरुमांहरू लगायत उपासको पासिकाहरूको तर्फबाट बिस्कुट प्रसाद वितरण गरिएको थियो ।

*साँझ*– साँझ ५ बजे धर्मकीर्ति विहारको धम्महलमा सामूहिक ध्यान गरिएको थियो । त्यसपछि बुद्धपूजा र परित्राण पाठ सम्पन्न गरियो । यही क्रममा चमेली गुरूमांले धर्मदेशना गर्नु भएको थियो ।

*बेलुकी*– धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठीका सदस्यहरू लगायत उपासक उपासिकाहरू मिली श्रीघः चैत्य परिसरमा दीप प्रज्वलन गरी दीपावली गरिएको थियो । यस कार्यक्रमको संयोजक अम्बिका श्रेष्ठ हुनुहुन्थ्यो ।

*२०७० बैशाख ७ गते*

### विषय- बोधिसत्व र बोधिचित्त

*प्रवचक- संघनायक भिक्षु अश्वघोष महास्थविर*

*प्रस्तुति- मिनरबती तुलाधर*

यसदिन पूज्य भिक्षु अश्वघोष महास्थविरबाट बोधिसत्व र बोधिचित्तको विषयमा प्रवचन दिनु भएको थियो ।

बोधिसत्व नभइकन बोधिसत्व हुन सक्तैन । निस्वार्थ भावनाले परजनहरूलाई हित उपकार गर्ने चित्तलाई बोधिचित्त भनिन्छ । त्यस्तै पवित्र भएको ज्ञानलाई पनि बोधिचित्त भनिन्छ । बोधिचित्त भएको कोही व्यक्तिले खोलामा बगिरहेको मानिसको उद्धार गर्नको लागि आफ्नो ज्यान गुमाउँछ, आगो लागेको ठाउँमा निभाउन जाँदा ज्यान गुमाउँछन् ।

बोधिसत्वले परजनहरूलाई दुःखबाट मुक्त गराउनको लागि आफ्नो प्राण समेत त्याग गर्छन् । त्यसैले वहाँले आफु एक्लै मुक्त हुन चाहँदैन । आफ्नो हातमा आइसकेको निर्वाण सुखलाई त्याग गरेर जन जीवनको मुक्तिको लागि मेहनत गर्नुहुन्छ ।

बोधिचित्त हुने संग मैत्री, करूणा, मुदिता र उपेक्षा आदि चतुब्रह्मविहार गुण धर्म हुने गर्छ ।

*बोधिसत्वको विचार*– बोधिसत्वहरू आफू एक्लै मात्र निर्वाण प्राप्त गर्ने कुरा सोच्दैन । यदि आफुले पुण्य गरेको छ भने संसारमा भएका सबै सत्व प्राणीहरूलाई दुःख नहोस् भनेर चाहना गर्छन् ।

*बोधिसत्वको कर्त्तव्य*– परोपकारको भावनाले निस्वार्थी हुनु । मेहनती व क्षमाशील हुनु । बोधिसत्वहरूले दुशीलहरूलाई दान दिंदा कहिले पनि पश्चाताप गर्दैन अहंकारी पनि हुँदैन, आफ्नो कर्त्तव्य सम्झेर दान दिन्छन् ।

***बोधिसत्वको चरित्र (कुकुर जातक)***

बोधिसत्वले आफ्नो बन्धुहरूलाई रक्षा गर्न आफ्नो प्राण समेत त्याग गर्छन् । क्षान्ति पारमिता पूरा गर्दा आफ्नो प्राण त्याग गर्छन् । प्रज्ञा पारमिता पूरा गर्न–बाँदरको योनीमा जन्मेको बोधिसत्वले गोहिलाई आफ्नो मुटु दिन्छु भनेर छलेर विवेक बुद्धि (प्रज्ञा द्वारा) आफ्नो प्राण बचाउनु भएको थियो ।

बोधिसत्वसँग चारवटा गुण हुन्छन् । ती यसरी छन– बल, धैर्य, त्याग र प्रज्ञा ।

**बुद्ध सम्वन्धी केही जानकारीहरू –**

(१) बुद्ध धर्ममा चार मुख्य सिद्धान्तहरू छन्–
- क) कुनै परम ईश्वर (श्रृष्टिकर्ता) लाई नमान्नु
- ख) नित्य आत्मालाई नमान्नु
- ग) कुनै पनि ग्रन्थलाई स्वतः प्रमाण नमान्नु
- घ) जीवन प्रवाहलाई यसै जन्मसम्ममा मात्रै सीमित नमान्नु

*( साभार- बौद्ध दर्पण )*



Downloaded from http://www.dhamma.digital

### दान गरेको आँखा सफल प्रत्यारोपण

काठमाडौं कालधारा निवासी कक्षा नौ मा अध्ययनरत १५वर्षिय विद्यार्थी श्री सुजन श्रेष्ठ जेठ ९गते दिवंगत हुनु भएकोले उहाँका २ वटै आँखाहरू तिलगंगा आँखा केन्द्रलाई दान गरिएको समाचार छ। प्राप्त समाचार अनुसार दान गरिएका आँखाहरू मध्ये एउटा आँखा पश्चिम नेपालका स्याँग्जा निवासी ४ वर्षिय वालकलाई सफल प्रत्यारोपण गरियो भने अर्को आँखा पूर्वीय नेपालको सप्तरी जिल्ला निवासी "शर्मा" थरका ४२ वर्षिय प्रौढ व्यक्तिलाई सफल प्रत्यारोपण गरिएको थियो ।

### अप्रिल १४ को गुणानुस्मरणमा बुद्धपूजा

नगदेश बुद्ध विहार। इ.सं. २०१३ अप्रिल १४ का दिन नगदेश बुद्ध विहारले ३ महत्वपूर्ण दिनहरूको सम्झना एवं विशेष महत्व स्मरण गरी बुद्धपूजा कार्यक्रम संचालन गरिएको थियो । ती ३ महत्वपूर्ण दिनहरू यसरी रहेको कुरा प्राप्त समाचारमा उल्लेख गरिएका छन् ।

(१) इ.सं. १८९१ अप्रिल १४ का दिन बौद्ध विद्वान बाबा साहेब डा. भीमराव अम्वेडकर भारतको महाराष्ट्र प्रान्त स्तनगिरी जिल्ला स्थितको अम्बाबडे ग्राममा जन्मनु भएको थियो । उहाँले इ.सं १९५६ अक्टोवर १४, महान विजया दशमीको पावन दिनमा दशलाख भन्दा बढि उपेक्षित दलित समुदायलाई नागपुरको दिक्षा भूमिमा २२ प्रतिज्ञा सहित कबुल गराई "नववौद्ध" को संख्या अभिवृद्धि गरेको थियो।

(२) इ.सं. १८९३ अप्रिल ९ मा जन्मनुभएका महापण्डित बौद्ध विद्वान लेखक राहुल साँकृत्यायनले आफ्नो जीवनकालमा १५० भन्दा बढि पुस्तक रचना गर्नु भएको थियो। उहाँ इ.सं. १९६३ अप्रिल १४ का दिन ७० वर्षको उमेरमा देहावसान हनु भएको थियो । उहाँले आफ्नो जीवनकालमा कठीन तिब्बत यात्रा गरी दुर्लभ बौद्ध ग्रन्थरत्न तिब्बतबाट ल्याई भारत सरकारलाई सुम्पिनु भई महान कार्य गर्नु भएको थियो ।

(३) संयुक्त राष्ट्र संघका तेश्रो महासचिव उ थान्त सं.रा.संघको महान जिम्मेवारी वहन गरिरहनु भएको उहाँले इ.सं. १९६७ अप्रिल १४ का दिन लुम्बिनीमा पदार्पण गरी सोही पवित्र स्थलमा रही यसरी प्रतिबद्धता जाहेर गर्नु भएको थियो –"मैले लुम्बिनीको निमित्त केही गर्न सकें भने मलाई संयुक्त राष्ट्र संघको महासचिव हनु पाएको भन्दा पनि बढी सन्तुष्टी मिल्नेछ ।

श्रद्धेय महासचिव उ थान्तले सन् १९७१ मा लेख्नु भएको पुस्तक "View from the UN" को पृष्ठ नं ४१७ मा यसरी लेख्नु भएको छ ।

"मेरो जीवनको एक अत्यन्त महत्वपूर्ण दिन मध्ये १४ अप्रिल १९६७ पनि थियो ।" उहाँले यसको लगतै संयुक्त राष्ट्र संघको बैठक डाकी "लुम्बिनी विकास" को निमित्त सहयोग र समर्थन जुटाउने कार्य गर्नु भएको थियो । सो बैठकमै १३ मुलुक सम्मिलित "अन्तर्राष्ट्रिय लुम्बिनी विकास समिति गठन गर्नु भयो भने अर्को वर्षमा दुई मुलुक थप गरी १५ सदस्यीय "अन्तर्राष्ट्रिय मूल समिति" गठन गरी हाल सम्म कामयावी भइरहेको चर्चा प्राप्त समाचारमा उल्लेख गरिएको थियो ।

### म्हेपी बुद्धपूजा

*२०७० ज्येष्ठ ४ गते, शनिवार ।*

*प्रस्तुती- प्रेमलक्ष्मी तुलाधर*

खुक्वःगु बौद्ध संगीत जागरणया आयोजनाय् ज्ञानमाला भजन खलः स्वयम्भूया व्यवस्थापनय् इतुम्बहायलय् आयोजित ज्याभ्वलय् थीथी ज्ञानमाला भजन खलः पाखें थथःगु भजन न्हयब्वःगु खः । उगु ज्याभ्वले धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलः पाखें प्रस्तुत जूगु "सिद्धार्थया प्रतिज्ञा" भजन समूह गायनय् उत्कृष्ट जूगु खः। वहे लसताय् ध.की.ज्ञा.भजनखलःपाखें म्हेपि गुम्वाय् बुद्धपूजा व धर्मदेशना ज्याभ्वः न्हयाकूगु खः। उगु ज्याभ्वले कोण्डञ्ञ भन्ते, वीर्यवती गुरूमां व सुवण्णवती गुरूमां प्रमुख उपासक उपासिका पाखें सामूहिक बुद्धपूजा ज्याभ्वः सम्पन्न जूगु खः। कोण्डञ्ञ भन्तेनं धर्मदेशना याना बिज्यातसा ज्ञानमाला भजन नं प्रस्तुत जुल ।

स्वयम्भू ज्ञानमाला भजन खलःया नायो भाजु पूण्य शाक्य, श्रीघः ज्ञानमाला भजन खलःया उपाध्यक्ष अमिर शाक्य आदिपिनिगु उपस्थिति १५८ म्ह दुजः दुगु धर्मकीर्ति ज्ञानमाला भजनया सकल दुजःपिनिगु सहयोगं उगु ज्याभ्वः न्हयइपुक क्वचाःगु खः। थुगु ज्याभ्व न्हयाकेत धर्मकीर्ति ज्ञानमाला भजन कोषं खर्च व्यहोरे याःगु खः। थुकीया खर्च विवरण थुकथं खः ।

| | | |
|---|---|---|
| खाना खर्च | – रू. | २५०००।– |
| थाय् काःगुखर्च | – रू. | १६००।– |
| रिचार्ज कार्ड | – रू. | ५००।– |
| जम्माखर्च | – रू. | २७१००।– |

सहयोग –

जुजुभाई शाक्य – रू. ५०००।–

बुद्धरत्न महर्जन माइक तार निगू व स्पीकर तार छगू सेट





Downloaded from http://www.dhamma.digital

# हाडिगाउँमा २५५७ औं बुद्ध पूर्णिमा महोत्सव



*भिक्षाटन गर्नुहुँदै ३४ जना भिक्षुणी गुरुमाँहरू*

हाँडिगाउँ जेष्ठ ११ गते। का. म. पा. वडा नं.५ हाँडिगाउँमा श्रद्धेय भिक्षु, भिक्षुणीहरूबाट धर्म देशना, भिक्षुणीहरूबाट भिक्षाटन, ज्ञानमाला भजन आदि कार्यक्रमहरू सञ्चालन गरी २५५७ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न गरिएको समाचार छ। जेष्ठ ११ गते बुद्ध पूजा, साँस्कृतिक बाजा गाजा, विद्यार्थीहरू सहित लावालस्कर र सिंगारिएको रथमा बुद्ध प्रतिमा सहितको विशाल जुलुसले वडा परिक्रमा पश्चात् बौद्ध सभा गरी बुद्ध जयन्ती समारोह भव्य रुपमा मनाईयो। बौद्ध सभामा प्रमुख अतिथिको आशनबाट लुम्बिनी बौद्ध विश्वविद्यालयका उपकुलपति प्राध्यापक श्री त्रिरत्न मानन्धरज्यूले हाँडिगाउँको साँस्कृतिक र ऐतिहासिक महत्वबारे प्रकाश पार्नु हुँदै वडाबासीहरूको बुद्ध धर्म प्रति जागरणमा खुशी व्यक्त गर्दै नरः बुद्ध विहार निर्माण छिट्टै होस् भनी शुभेच्छा व्यक्त गर्नुभयो। श्री उपकुलपतिज्यूले रथयात्रामा सहभागी विद्यालयहरूलाई र बाजाखलःहरूलाई उपहार वितरण गर्नु भयो। धर्मकीर्ति विहारका भिक्षुणी श्रद्धेय इन्दावती गुरुमां, विश्वशान्ति विहारका श्रद्धेय श्रामणेर पमुत्तोले आशिरवचन दिनु भएको थियो। २५५७ औं बुद्ध पूर्णिमा समारोह समितिका अध्यक्ष श्री रमेश डंगोलले सभापतिको आसनबाट समारोहमा संलग्न सबैलाई धन्यवाद दिनु भयो। समितिका महासचिव श्री श्यामलाल चित्रकारले स्वागत मन्तव्य दिनु भएको थियो। बौद्ध सभाको उद्घोषण उपासक श्री फणिन्द्र न्यौपानेले गर्नु भएको थियो।

अघिल्ले दिन जेष्ठ १० गते विहान धर्मकीर्ति विहार का भिक्षुणी धम्मदिना (चमेली) गुरुमांको अगुवाईमा विभिन्न विहारहरूका ३४ जना गुरुमांहरूबाट हाँडिगाउँ भीमसेनस्थानबाट भिक्षाटन शुरु भै कृष्णमन्दिर, डवली, गहनापोखरी, टंगाल गणेश र भाटभटेनी भै कुमारी गल्ली स्थित श्री नवराज घिमिरे को घरमा पुगी टुंगिएको थियो। श्री घिमिरे परिवारले उहाँ सम्पूर्ण गुरुमांहरूलाई र बुद्ध जयन्ती समारोह समितिका पदाधिकारीलाई भोजन प्रदान गर्नु भएको थियो। श्रद्धेय चमेली गुरुमां प्रमुख सबै गुरुमांहरूबाट परित्राण पाठ र श्रद्धेय वीर्यवती गुरुमांले धर्मदेशना गर्नु भएको थियो। भिक्षाटनको क्रममा भाटभटेनी सुपर मार्केट सपरिवारको तर्फबाट गुरुमांहरूलाई जलपान गराउनु भई दान प्रदान गर्नु भएको थियो भने गुरुमांहरूबाट उहाँहरूको मंगलकामना गरी परित्राण पाठ गर्नु भएको थियो। सोही दिन साँझ स्वयम्भु ज्ञानमाला भजनखलःबाट बडा नं.५ कार्यलयको प्राङ्गणमा भजन कार्यक्रम भएको थियो।

२०७० ज्येष्ठ ०५ देखि ९ गते सम्म विहान नरःबुद्ध विहार, रुद्रमतीमार्ग हाँडिगाउँमा भन्ते र गुरुमांहरूबाट बुद्ध पूजा र धर्मदेशना भएको थियो। कार्यक्रम सञ्चालन संयोजक श्री लक्ष्मण डंगोलले गर्नु भएको थियो भने कृतज्ञता ज्ञापन महासचिव श्री श्यामलाल चित्रकारले गर्नु भएको थियो।

कार्यक्रम तालिका यसरी रहेको थियो–

| २०७० ज्येष्ठ | धर्मदेशना गर्नुहुने श्रद्धेय भन्ते/गुरुमांहरू | उक्त दिनको जलपान दाता |
|---|---|---|
| ०५ गते | भद्दीय भन्ते | श्रीमती गणेश माया प्रजापति |
| ०६ गते | चमेली गुरुमां | समारोह समिति |
| ०७ गते | वीर्यवती गुरुमां | समारोह समिति |
| ०८ गते | तपुस्स भन्ते | श्री श्यामलाल चित्रकार |
| ०९ गते | अशोक भन्ते | श्रीमती सुमिता वज्राचार्य |



Downloaded from http://www.dhamma.digital

# विभिन्न स्थानहरूमा २५५७ औं बुद्ध पूर्णिमा महोत्सब सम्पन्न

*२०७० जेठ ११ गते, शनिवार ।*

(१) **आनन्दकुटी विहार, स्वयम्भू–**

यसदिन आनन्दकुटी विहारमा भिक्षु धर्ममूर्ति महास्थविरको अध्यक्षतामा एवं मंन्त्री परिषद्का अध्यक्ष खिलराज रेग्मीको प्रमुख आतिथ्यमा २५५७ औं बुद्ध पूर्णिमा महोत्सब सम्पन्न गरिएको थियो । बुद्ध जयन्तीका सचिव गौतम शाक्यले स्वागत भाषण गर्नुभएको थियो । कार्यक्रममा उपस्थित सबै सहभागीहरूलाई क्षीर भोजन दान गरिएको थियो ।

(२) **नागार्जुन–**

बुद्ध जयन्तीको अवसरमा यस दिन नागार्जुन स्थित ओशो तपोवनले विशेष कार्यक्रम आयोजना गरी तपोवनद्वारा प्रकाशित पुस्तक विमोचन गरिएको समाचार छ ।

(३) **स्वयम्भू–**

सामुदायिक सेवा मञ्च, सामुदायिक प्रहरी सेवा, स्वयम्भू र वीरेन्द्र सैनिक अस्पतालको आयोजनामा काठमाडौं महानगरपालिका स्वयम्भू मा १०१ जना रक्तदाताहरूले रक्तदान गरिएको समाचार छ ।

(४) **नगदेश थिमी–**

नगदेश बौद्ध समूह र बौद्ध ल्यायम्ह पुचः नगदेशको संयुक्त आयोजनामा २५५७ औं बुद्ध पूर्णिमा महोत्सव सम्पन्न गरिएको समाचार छ ।

आजभन्दा २६३७ वर्ष अघि वैशाख पूर्णिमाको दिन नेपालको लुम्विनी उद्यानमा जन्मनुभएका सिद्धार्थ कुमार, आजभन्दा २६०२ वर्ष अघि वैशाख पूर्णिमा कै दिन भारतको बुद्ध गयामा उहाँले ३५ वर्षको उमेरमा बोधिज्ञान प्राप्त गर्नु भई बुद्ध हुनुभएको थियो भने आजभन्दा २५५७ वर्ष अघि वैशाख पूर्णिमाकै दिन उहाँ ८० वर्षको उमेरमा भारतको कुशिनगरमा महापरिनिर्वाण हुनुभएको थियो । यही त्रिसंयोग दिनको उपलक्ष्यमा जेठ ११ गतेको बैशाख पूर्णिमाको दिन नगदेश विहारमा बुद्धपूजा शील प्रार्थना, गोजीपात्रो लोकार्पण, प्रवचन आदि कार्यक्रम सम्पन्न गरिएको समाचार छ। प्राप्त समाचार अनुसार न्हुच्छे कुमार सिंकेमनको सभापतित्वमा, डा. सानुभाई डंगोलको प्रमुख अतिथित्वमा संचालित उक्त कार्यक्रममा भिक्षु राहुल समक्ष शील प्रार्थना गरिएको थियो भने डा. सानुभाई डंगोल, डा. लक्ष्मण शाक्य, प्रवीण जोशी, कृष्ण कुमार प्रजापति आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए । यसरी नै रत्न भक्त हायूँजुले स्वागत मन्तव्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा शिव भक्त मेजुले धन्यवाद व्यक्त गर्नुभएको थियो । भिक्षुणी केशावतीको अग्रसतामा बुद्धको अस्थिधातु प्रदर्शन गरिएको उक्त कार्यक्रमको अन्त्यमा साँस्कृतिक बाजागाजा सहितको समूहले नगर परिक्रमा गरिएको थियो ।

(५) **ललितपुर–**

२५५७ औं बुद्ध पूर्णिमाको उपलक्ष्यमा नेपाल बौद्ध परियत्ति शिक्षा उपसमितिको आयोजनामा बुद्धपूजा, प्रवचन, र भिक्षुसंघलाई दान प्रदान एवं भोजन दान कार्य सम्पन्न गरिएको थियो ।

(६) **पनौति–**

बुद्ध विहार पनौतिको आयोजनामा जेठ ४ गते देखि साप्ताहिक बुद्ध पूजा र धर्म देशना कार्यक्रम संचालन गरी २५५७ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको थियो । जेठ ११ गते का दिन विहार परिसर देखि बुद्ध मूर्ति राखिएको रथलाई ज्ञानमाला भजनकासाथ नगर परिक्रमा गराइएको थियो ।

(७) **भक्तपुर–**

भक्तपुर नगर पालिकाबाट संचालित कलेजहरू ख्वप उच्च मा.वि. ख्वप कलेज, ख्वप इन्जिनियरिंग कलेज आदिको संयुक्त आयोजनामा २५५७ औं बुद्ध पूर्णिमा महोत्सव मनाइएको थियो । उक्त अवसरमा मजदुर किसान पार्टीका अध्यक्ष नारायण मान बिच्छुकेको प्रमुख आतिथ्यमा ख्वप इन्जिनियरिङ्ग कलेजमा बौद्ध दर्शन विषयक प्रवचन कार्यक्रम सम्पन्न गरिएको थियो ।

प्रेम सुवालको सभापतित्वमा संचालित उक्त प्रवचन कार्यक्रममा प्रा.डा. मोहन मूर्ति पन्त रूपक जोशी प्राचार्यले बौद्ध संस्कृति विषयमा मन्तव्य व्यक्त गर्नु भएको थियो भने विशेष अतिथी संघनायक भिक्षु अश्वघोष महास्थविरले बुद्ध शिक्षा मानिसहरूलाई असल वनाउनको लागि भएको कुरा व्यक्त गर्नुभएको थियो । यसरी नै प्रमुख अतिथी नारायण मान बिजुक्छेले बौद्ध दर्शनको महत्वबारे प्रकाश पार्नु भएको थियो ।

**फलफुल वितरण–**

२५५७ औं बुद्ध पूर्णिमाको अवसरमा नेपाल परम्परागत बुद्धधर्म संघ भक्तपुर शाखाले भक्तपुर क्यान्सर अस्पतालका ६८ जना विरामीहरूलाई स्वास्थ्य लाभको



Downloaded from http://www.dhamma.digital

कामना गरी फलफुल र हर्लिक्स वितरण गरिएको थियो।

(८) **बनेपा–**

बनेपा बुद्ध जयन्ती समारोहको आयोजनामा बनेपा सुदर्शन विहार परिसरबाट बुद्ध मूर्ति सजाइएको रथले नगर परिक्रमा गरी बोधिचर्या विहारमा पुगी बुद्ध पूजा गरिएको थियो। सोही कार्यक्रममा संघनायक भिक्षु अश्वघोष महास्थविरबाट धर्मदेशना भएको थियो।

नगर परिक्रमामा भाग लिएका भिक्षुहरू लगायत उपासकोपासिकाहरूलाई बुद्ध जयन्ति समारोह समितिको तर्फबाट भोजन दान गरिएको थियो।

**फलफुल एवं विस्कुट वितरण–**

बनेपा ध्यानकुटी विहारले २५५७ औं बुद्ध पूर्णिमामहोत्सवको शुभ उपलक्ष्यमा संघनायक भिक्षु अश्वघोष महास्थविर प्रमुख अन्य उपासकोपासिकाहरूको समुपस्थितिमा वनेपा स्थित शिर मेमोरियल अस्पतालका विरामीहरूको सुस्वास्थ्य कामना गर्दै फलफुल र बिस्कुट प्रसाद वितरण गरिएको थियो।

(९) **भैरहवा लुम्बिनी–**

२५५७ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्ष्यमा लुम्बिनीमा आयोजित विशेष कार्यक्रमलाई मन्त्रीपरिषदका अध्यक्ष खिलराज रेग्मीले उद्घाटन गर्नुभएको थियो। उक्त समारोहमा मन्त्री रेग्मी लगायत संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्री रामकुमार श्रेष्ठ, लुम्बिनी विकास कोषका उपाध्यक्ष कर्मा सङ्बो शेर्पा र सदस्य सचिव अजितमान तामाङ्ग आदिले आ-आफ्नो मन्तव्य व्यक्त गर्नु भएका थिए।

प्राप्त समाचार अनुसार उक्त अवसरमा लुम्बिनीमा रहेको कासाई होटेलले लुम्बिनी विकासको लागि १० लाख जापानी येन प्रदान गरिएको थियो। कार्यक्रममा लुम्बिनीको विकासमा सहयोग पुऱ्याउने न्युज २४ टेलिभिजन, ६२ घण्टा टकशो गरेर गिनिज बुकमा रेकर्ड राखेका रवि लामिछाने, विदेशमा लुम्बिनीको प्रचार प्रसार गर्न सहयोग गरेका भैरहवाका पत्रकार चेतन पन्त, जापानमा रहेका विज्ञानकुमार थापा र होटेल कासाई आदिको अमूल्य सहयोगलाई कदर गर्दै सम्मान गरिएको थियो।

(१०) **पाल्पा तानसेन–**

२५५७ औं बुद्ध पूर्णिमा महोत्सवको उपलक्ष्यमा जेठ १० गते तानसेन तक्सार स्थित ज्ञानमाला सभा, महाचैत्य विहारबाट बुद्ध जीवनीसंग सम्वन्धित झाँकी ऱ्यालीले नगर परिक्रमा गरिएको थियो।

उक्त झाँकी ऱ्यालीको निर्णायक मण्डलको तर्फवाट संयोजक दिल बहादुर शाक्यले झाँकी प्रस्तुत गर्ने समूहरूको मूल्याङ्कन गरी परिणामको घोषणा यसरी गर्नु भएको थियो –

(१) बिजु इङ्गलिस बोर्डिङ्ग स्कुल – प्रथम
(२) टक्सार टोल विकास समिति – द्वितीय
(३) प्रशान्ति चिल्ड्रेन एकेडेमी – तृतीय
(४) सेण्ट कापीटानिओ स्कुल – सान्त्वना

यसरी प्रथम, द्वितीय, तृतीय र सान्त्वना पुरस्कार प्राप्त गर्ने विद्यालय एवं संस्थालाई क्रमशः रू. ३०००/–, रू. २०००/-, रू. १०००/- र रू. ५००/– नगद पुस्कार २५५७ औं बुद्ध जयन्ती मूल समारोह समितिको कार्यवाहक अध्यक्ष श्री छत्र राज शाक्यबाट प्रदान गरिएको थियो। ज्ञानमाला सभाका उपाध्यक्ष श्री उत्तम कुमार वज्राचार्यको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रमको अन्त्यमा नगद पुरस्कार राशी प्रदान गर्नुहुने ज्ञानमाला सभाका सदस्य श्री सूरज बुद्धाचार्यलाई धन्यवाद ज्ञापन गरिएको थियो। झाँकी ऱ्याली संयोजक केशबलाल वज्राचार्यले उक्त कार्यक्रम सञ्चालन गर्नुभएको थियो।

सोहि दिन दिउँसो बौद्ध महिला दायक समितिबाट पाल्पा मिशन अस्पतालका विरामीहरूलाई सुस्वास्थ्य कामना गर्दै फलफुल वितरण गरिएको थियो। त्यसपछि ज्ञानमाला सभाद्वारा श्री चन्द शाक्यको संयोजकत्वमा, श्री उत्तमकुमार वज्राचार्यको अध्यक्षतामा, श्री छत्रराज शाक्यको प्रमुख आतिथ्यमा "भगवान् बुद्ध" विषयमा वक्तृत्वकला प्रतियोगिता संचालन गरिएको थियो।

बैशाख पूर्णिमा अर्थात् २०७० जेठ ११ गतेका दिन महाचैत्य विहार, टक्सारमा विहान ७ बजे ज्ञानमाला सभाबाट ज्ञानमाला भजन, शील प्रार्थना, अनुपमा गुरूमां र खेमावती गुरूमांबाट धर्मदेशना गरिएको थियो। धम्मदिन्ना गुरुमा र संघवती गुरुमां लगायत बौद्ध महिला दायक समितिका पदाधिकारीहरू र उपासकोपासिकाको उपस्थिती रहेको उक्त कार्यक्रमको अन्त्यमा सबैलाई प्रसाद वितरण र भोजनको व्यवस्था मिलाइएको थियो।

दिउँसो मायादेवी र गौतम बुद्धको प्रतिमा राखी सजाइएको रथले नगर परिक्रमा गराइएको थियो।



Downloaded from http://www.dhamma.digital

(११) **पेरिस–**

२५५७ औं बुद्ध पूर्णिमाको उपलक्षमा पेरिस स्थित राष्ट्रसंघीय कार्यालय युनेस्कोमा धर्म र बुद्धत्वबारे प्रवचन कार्यक्रमको आयोजना गरिएको समाचार प्राप्त भएको छ । प्राप्त समाचार अनुसार युगोस्लाभिया, म्यानमार, थाइलैण्ड लगायत एक दर्जन भन्दा बढी मुलुकका राजदूत तथा भिक्षुहरूले बुद्ध दर्शन बारे प्रवचन दिनु भएको उक्त कार्यक्रममा फ्रान्सका लागि भारतका नयाँ राजदूत विनयसिला ओवरोयले नेपालमा जन्मेका र भारतमा बुद्धत्व प्राप्त गरेका गौतम बुद्धको सन्देश प्रवाह गर्न नेपाल र भारत मिलेर काम गर्नुपर्ने विषयमा चर्चा गरेका थिए ।

यसरी नै श्रीलंकामा राजदूत करूनारत्ने हड्वाते र फ्रान्सका लागि नेपालको राजदूत मोहन कृष्ण श्रेष्ठले पनि लुम्बिनी विकास कार्य विषयमा आ-आफ्नो मन्तव्य व्यक्त गर्नुभएका थिए ।

(१२) **भक्तपुर–**

२५५७ औं बुद्ध पुर्णिमाको उपलक्ष्यका मैत्रीय युवा संघको आयोजनामा बौद्ध हाजिर जवाफ प्रतियोगिता सम्पन्न गरेको समाचार छ। प्राप्त समाचार अनुसार ७ समूहले भाग लिएको उक्त प्रतियोगिता पञ्चशील प्रार्थना पश्चात् शुरू गरिएको थियो ।

कार्यक्रम तीर्थराज वज्राचार्यले उद्घाटन गर्नुभएको थियो भने सत्यलक्ष्मी प्रजापतिले स्वागत भाषण गर्नु भएको थियो । मुदिता, भावना र शान्ती समूह क्रमशः प्रथम, द्वितीय, र तृतीय भएको उक्त प्रतियोगितामा विजयी प्रतियोगीहरूलाई भिक्षु धम्मशोभन महास्थवीरले प्रमाणपत्र र पुरस्कार प्रदान गर्नु भएको थियो ।

(१३) **ब्रिस्बन, अष्ट्रेलिया–**

अष्ट्रेलियामा पनि यसपाली २५५७ औ बुद्ध-पूर्णिमा महोत्सव सम्पन्न गरिएको समाचार छ। प्राप्त समाचार अनुसार ब्रिस्बन निवासी नेपालीहरूको संस्था नेप्लीज सोसाइटी अफ क्विन्सल्याण्डको आयोजनामा यसपाली पहिलो पटक बुद्ध पूर्णिमा महोत्सब मनाउँदै अष्ट्रेलिया र नेपाल निवासी लामा गुरू लगायत अष्ट्रेलियाका विभिन्न बौद्ध संघ संस्थामा धर्म गुरूहरूले भाग लिएका थिए । नेपालका लामा आङ्ग फुटी शेर्पाले बुद्ध पूजा गर्नुभएपछि सरोज वज्राचार्यले पञ्चशील प्रार्थना गराउनु भएको थियो । लोप्पोन छेरिङ्ग सम्दुप, किम हलो, श्रीलाल गुणसे करा, भिषण वज्राचार्य पेमा शेर्पा अच्युत सिंह र नेप्लिज सोसाइटीका प्रमुख राजन कोइराला, ब्रिस्बन नेपाल च्याम्बर अफ कमर्सका मानार्थ प्रतिनिधि पुनम हवार्ड आदिले आ-आफ्नो मन्तब्य व्यक्त गर्नुभएको उक्त कार्यक्रममा लामा र नेवारी नाच प्रस्तुत गर्दै बुद्ध धर्म सम्बन्धि-विभिन्न कविता पाठ गरिएको थियो ।

(१४) **संयुक्त राष्ट्रसंघ भवन, ललितपुर–**

अन्तर्राष्ट्रिय बौद्ध अध्ययन संस्था नेपाल, बुद्ध जयन्ती समारोह समिति, आनन्दकुटी विहार र संयुक्त र ाष्ट्र संघ काठमाडौं नेपालको संयुक्त आयोजनामा २५५७ औं बुद्ध पूर्णिमा दिवस मनाइएको समाचार प्राप्त भएको छ। जेठ ११ गते दिउँसो १ बजे संयुक्त राष्ट्र संघ भवन ललितपुरमा सम्पन्न उक्त कार्यक्रम सिद्धार्थ कुमारको लुम्बिनीमा जन्म, ३५ वर्षको उमेरमा बुद्धगयाया बुद्धत्व लाभ र ८० वर्षको उमेरमा कुशीनगरमा महापरिनिर्वाण आदि ३ महत्वपूर्ण संयोग जुरेको यस वैशाख पूर्णिमाको दिनलाई संयुक्त राष्ट्रसंघले अन्तर्राष्ट्रिय मान्यता प्रदान गरिएको उपलक्ष्यमा आयोजना गरिएको कुरा बुझिन आएको छ।

(१५) **म्याग्दी जिल्लाको सदरमुकाम बेनीमा २६३७ औं लुम्बिनी दिवस एवं २५५७ औं बुद्ध पूर्णिमा महोत्सव यसरी मनाइएको समाचार छ ।**

**२०७० जेठ ९ गते विहिबार–**

म्याग्दी जिल्ला अस्पतालमा उपचारार्थ रहेका विद्यार्थीहरूलाई स्वास्थ्यलाभको कामना गर्दै थकाली सेवा समाजको संयोजकत्व मा थकाली समाजका सदस्य शिव भट्टचन र सृजना भट्टचनका स्व. छोरा रोहित भट्टचनको पूण्य स्मृतिमा फलफुल वितरण ।

नेपाल मगर बौद्ध सेवा समाजको संयोजकत्वमा समाजको रू. १० हजार आर्थिक सहयोग र न्यूदोभान युवा क्लबका अध्यक्ष हरिगिरीको सकृयतामा संकलित रकम रू. १० हजार गरी जम्मा २० हजार रूपैयाँ वरावरको मनोरञ्जन वाद्यवादन सामग्री लगायत खेलकूद सामाग्रीहरू बाल जागृती प्रा.वि. मा अध्ययनरत बौद्धिक अपाङ्ग श्रोत कक्षाका २० जना विद्यार्थीहरूका लागि प्रदान गरिएको थियो । उक्त सामग्रीहरू वि.व्य.स.मा अध्यक्ष धर्मराज वानियाँलाई एक कार्यक्रममा बीच हस्तान्तरण गरिएको



Downloaded from http://www.dhamma.digital

थियो । उक्त कार्यक्रममा श्रद्धेय भिक्षु अस्सजीले पञ्चशील प्रार्थना गराउनुभई धर्मदेशना गर्नुभएको थियो ।

**२०७० जेठ १० गते शुक्रवार–**

महिला बौद्ध संघको संयोजकत्वमा बौद्ध चैत्य परिसरमा बुद्धपूजा, ज्ञानमाला भजन र धर्मदेशना कार्यक्रम सम्पन्न गरिएको थियो । यस कार्यक्रममा भिक्षु बुद्धपियोले धर्मदेशना गर्नुभएको थियो ।

दिउँसो युवा बौद्धसंघको संयोजकत्वमा मा.वि. स्तरिय बौद्ध हाजिर जवाफ रनिङ्ग शील्ड प्रतियोगिता सम्पन्न । छ विद्यालयहरू सहभागी रहेको उक्त प्रतियोगितामा वेनी आ.मा. प्रथम, न्यू वेष्ट प्वाइन्ट उच्च मा.वि. द्वितीय र माउण्ट एभरेष्ट आ.उ.मा. वि. तृतीय भएको थियो ।

**२०७० ज्येष्ठ ११ गते, शनिवार–**

नेपाल मगर विद्यार्थी संघ र नेपाल छन्त्याल संघको संयोजकत्वमा शान्तिपदयात्रा ।

बुद्ध चैत्यको प्राङ्गणमा म्याग्दी बौद्ध संघ र शाक्य समाजको संयोजकत्वमा, प्रमुख जिल्ला अधिकारी कुलशेखर अर्यालको प्रमुख आतिथ्यमा बुद्ध जयन्ती तथा लुम्बिनी दिवस २६३७ मनाइएको थियो । उक्त मूल कार्यक्रममा श्रद्धेय भिक्षु अस्सजीले धर्मदेशना गर्नुभएको थियो ।

## धर्मरक्षिता गुरूमां गुणानुस्मरण दिवस

*२०७० ज्येष्ठ २१ गते, मंगलवार ।*

*स्थान- संघाराम विहार, ढल्को ।*

थुकुन्हु धर्मरक्षिता गुरूमांया गुणानुस्मरण यासे बुद्ध पूजा व धर्म देशना, भन्ते व प्रव्रजित गुरूमां पिन्त जलपान, भोजन दान व दान प्रदान याःगु जुल । थुगु कार्यक्रमया दाता (धर्मरक्षिता गुरूमांया केहेंपिं) रत्न कुमारी, धर्मलक्ष्मी शाक्य व (कायचा) वीरेन्द्र शाक्यपिं खः ।

उगु ज्याभ्वलय् संघनायक भिक्षु अश्वघोष महास्थविरं धर्मदेशना यानाबिज्यास्य धयाबिज्यात– “संघाराम भिक्षु तालिम केन्द्र स्थापना यायत गुहालि ब्यूपिं भिक्षु मैत्री, द्वारिकादास श्रेष्ठ धर्मरक्षिता गुरूमां व भिक्षु अश्वघोष महास्थविर आदि प्यम्हसिगु नां ल्यनाहे च्वनी । भिक्षु तालिम केन्द्र जुयाच्वंगु छयैं फुक्क थुनाः न्हूगु कथं स्वत जाःगु व भिन्याकु हाकःम्ह दनाच्वंम्ह भगवान् बुद्ध मूर्ति सहित न्हूगु भवन धर्मरक्षिता गुरूमांयागु हे ध्यबां दयका बिज्याःसे वसपोलं तःधंगु पुण्य सञ्चय याना बिज्यात । वसपोलं धर्मप्रचार ज्वीगु पूण्य कार्य याना बिज्यात । थौंन्हे भिक्षु तालिम केन्द्र मदय् धुंकूसां थनं पारंगत जुयाबिज्याःपिं भिक्षुपिं थासं थासय् च्वनाः धर्म प्रचार यानाबिज्याना च्वंगु सन्तोष जनक जू । थन भिक्षु उपतिस्स व भिक्षु आनन्द निम्हस्यां संघाराम विहार संरक्षण जुइगु ज्याः याना बिज्याःगु दु। धर्मरक्षिता गुरुमां म्वाना च्वंतले संघाराम विहारया दातामां जुयाबिज्यात । धर्मया प्रतापं वसपोल गुरूमां दुःखं मुक्त ज्वीमा, धर्मं रक्षा यायमा ।

## ध्यानकुटी मैत्री बाल आश्रमलाई सहयोग

१) Mr. Sasantha Herat, USA. Rs. 2000/-
२) दिवंगत रत्नदेवी मानन्धरको पूण्य स्मृतिमा रु. १०००/–
३) प्रविन्द्रराज तुलाधर, भोटाहिटी, जन्मदिनको उपलक्ष्यमा रु. १०००/–
४) भिक्षु सरणंकर, भिक्षु पियदस्सि उपसम्पदा दिवसको उपलक्ष्यमा भन्तेहरु तथा बालिकाहरुलाई भोजन प्रदान, रु. ५००/–
५) मितेरी छात्रवृति कोष, बनेपा रु. ७००/–
६) भिक्षु शोभित, गण महाविहार रु. ५००/–
७) केशचन्द्र शाक्य, बनेपाबाट रु. ५००/–
८) लहरमान कपालि, नयाँबस्ती, बनेपा (स्व. बुवा हर्षमान कपालिको पुण्यस्मृतिमा) रु. ५००/–
९) बुद्ध देवी मानन्धर, कालिमाटी रु. ५००/–
१०) प्रज्ञानको जन्मदिनको उपलक्ष्यमा रु. ५००/–
११) कृष्ण देवी मानन्धर, टेकू रु. २००/–
१२) श्यामसुन्दर श्रेष्ठ परिवार, बनेपा, नातिनी उपासनाको जन्मदिनको उपलक्ष्यमा बालिकाहरुलाई चामल २ बोरासहित भोजनको लागि खाद्यान्न प्रदान
१३) Gerald Heaton, Ontario, Canada Financial Support for Anita Bade, Study in Anomy Nurse Assistance Course.

❀ **आजीवन वार्षिक भोजन प्रदान गर्ने दाताहरू:**

१४) Mr. Sasantha Heart (Sri Lanka) USA. Rs. 15,000/-
१५) पूर्णरत्न स्थापित परिवार, चःमती, बनस्थली (स्व. बुबा जुजुरत्न स्थापितको पुण्यस्मृतिमा) रु. १५००/–



Downloaded from http://www.dhamma.digital

# नेपाल बौद्ध परियत्ति शिक्षा स्वर्ण महोत्सव सम्पन्न




*नेपाल बौद्ध परियत्ति शिक्षाको स्वर्ण जयन्तिको उपलक्ष्यमा त्रिशुलिमा कार्यक्रम सञ्चालन हुँदै*

*२०७० असार १ गते, शनिवार ।*
*स्थान- सुगतपु विहार, त्रिशुली ।*

यसदिन सुगतपुर विहार, त्रिशुलीमा श्रीलंकाका महामहिम राजदूत W.M. Senevirathna को प्रमुख आतिथ्यमा नेपाल बौद्ध परियत्ति शिक्षा स्वर्ण महोत्सब समुद्घाटन समारोह सम्पन्न गरिएको समाचार छ ।

नेपालमा बौद्ध परियत्ति शिक्षा स्थापना भएको ५० वर्ष भएको ऐतिहासिक अवसरमा सञ्चालन गरिएको उक्त कार्यक्रम नेपाल बौद्ध परियत्ति स्वर्ण महोत्सव मूल समारोह समिति २०७० को आयोजना एवं स्वर्ण महोत्सब व्यवस्थापन समिति सुगतपुर विहार त्रिशुलीको व्यवस्थापनमा सम्पन्न गरिएको थियो ।

परियत्ति सद्धम्म कोविदहरू श्रद्धेय भिक्षु, एवं प्रव्रजित गुरुमांहरूको अगुवाईमा परम्परागत बाजागामा झाँकीसहित बृहत शान्ति पदयात्रा र पवित्र अस्थिधातु प्रदर्शन आदि विविध कार्यक्रमहरू संचालन गरी सम्पन्न गरिएको उक्त कार्यक्रममा नेपाल बौद्ध परियत्ति शिक्षा स्थापना गर्नुहुने श्रद्धेय संस्थापकहरूको गुणानुस्मरण गरिएको थियो ।

## न्हापांगु जोगिनी यात्रा

*२०७० जेठ २१ गते, मंगलबार ।*
*प्रस्तुती- प्रेमलक्ष्मी*

थुकुन्हु धर्मकीर्ति बौद्ध ज्ञानमाला भजन खलःया आयोजनाय् विजेश्वरी स्थापित बुद्ध मूर्तिया न्हयोने बुद्धपूजा कार्यक्रम सम्पन्न जूगु खः । थुखुन्हु दानवती गुरूमां, इन्दावती गुरूमां, वीर्यवती गुरूमां, अमता गुरूमां व सुवण्णवती गुरूमां पाखें बुद्धपूजा ज्याभ्वः न्हयाका बिज्याःगु खःसा वीर्यवती गुरूमां पाखें धर्मदेशना जूगु खः । थुगु ज्याभ्वले ६२ म्ह सदस्यपिसं ब्वति काःगु खः ।

ल्हापं उठेजूगु – रू. ५२००।–
खाना खर्च – रू. ५०००।–
मोटर भाँडा – रू. १५०।–
रजिष्टर्ड कपि – रू. ५० ।–



Downloaded from http://www.dhamma.digital

# धम्म सञ्चार गोष्ठी सम्पन्न



गोष्ठीमा आफ्नो सहभागिता जनाउनु हुँदै गुरुमांहरू

*२०७० ज्येष्ठ २५ गते, शनिवार ।*
*स्थान- धम्मकाय सेन्टर, गोदावरी ।*

अन्तर्राष्ट्रिय भिक्षुणी संघ नेपाल अन्तरगत कार्यरत युवा सहयोग समितिको आयोजनामा यसदिन २० जना प्रव्रजित युवा गुरूमांहरूका लागि एक दिवसिय धम्म सञ्चार गोष्ठी सञ्चालन गरिएको थियो ।

धम्मकाय सेन्टरमा रहँदै आउनु भएका भिक्षु सुमंगलले दीप प्रज्वलन गरी उद्घाटन गर्नु भएको उक्त गोष्ठीमा सहभागी हुनुभएका सबैले त्रिरत्न वन्दना पाठ गरी गोष्ठीको शुभारम्भ गरिएको थियो । गोष्ठीका संयोजक पञ्ञावती गुरूमांले उक्त गोष्ठी सञ्चालन गर्नु भएको थियो । गोष्ठीमा ञाणवती गुरूमां र कुसुम गुरूमां सुपरिवेक्षकको रूपमा रहनु भएको थियो भने सह-प्राध्यापक मदन रत्न मानन्धरले सहजकर्ताको भूमिका निभाउनु भएको थियो ।

धरणी गुरूमांले सहजकर्ताको छोटो परिचय प्रस्तुत गर्नु भएको थियो भने शुभवती गुरूमां र शील गौतमी गुरुमांले गोष्ठीको प्रतिवेदन तयार पार्नु भएको थियो । अन्त्यमा रूपशीला गुरूमांले धन्यवाद ज्ञापन गर्नु भएको थियो भने सहभागी सबैले मैत्री भावना पाठ गर्नुका साथै, पूण्यानुमोदन गरी गोष्ठी समापन गरिएको थियो ।

## सूचना

**पूज्य भिक्षुणी धम्मवतीको ८० औं वर्षिय जन्मोत्सवको उपलक्ष्यमा पूज्य भिक्षु महासंघबाट साप्ताहिक अभिधर्म पाठ हुने भएकोले पाठ श्रवण गरी पूण्य सञ्चय गर्नहुन इच्छुक श्रद्धालुहरूलाई निमन्त्रणा गरिएको छ ।**

***मिति : २०७० श्रावण २ गते देखि ९ गते सम्म ।***
***समय : विहान ७ बजेदेखि ९ बजे सम्म ।***
***स्थान : धर्मकीर्ति विहार, श्रीघःनघः ।***



Downloaded from http://www.dhamma.digital

**अनिच्चावत संखारा उप्पादवय धम्मिनो**
**उपज्जित्वा निरूज्झन्ति तेसं ऊपसमो सुखो**



*जन्म :*
*ने.सं. १०४२ कौलाथ्व सप्तमी*
*(वि.सं. १९७९ आश्विन ११)*

*दिवंगत :*
*ने.सं. ११३३ चौलागाः त्रयोदशी*
*(वि.सं. २०७० वैशाख २४ मंगलवार)*

# दिवंगत मोहनशोभा शाक्य

यँ देया असं, न्हाय्कंत्वाः निवासी, जिमि छ्यँया हामा **मोहन शोभा शाक्य** ९१ दँया उमेरय् परलोक जुया बिज्यात । भगवान बुद्धया ज्ञानयात जीवनया हरेक पलाखय् फक्को अनुशरण यानाः स्वाय्माः धकाः जिमित मचाबलेनिसें म्हिगः तक स्यना कनाच्वंम्ह मां मदयाः जिमि अतिकं नुगः मछिं ।

धर्मकीर्ति विहार स्थापना कालंनिसें विहारे वयाः श्रद्धेय धम्मवती गुरुमांया धर्मदेशना व ज्ञानगुणया खँ न्यनाच्वंम्ह जन्मदाता मां परलोक जुयाबिज्याःगु क्षणय् जिमित समवेदना प्रकट याना बिज्याःपिं दीपिं थःथिती, इष्टमित्र, गुथियारपिं, हितैषि व सकल महानुभावपिन्त दुनुगलंनिसें कृतज्ञता दयछानागु जुल ।

*काय्पिं :*
**–**
**दिव्य रत्न शाक्य**
**कमल रत्न शाक्य**
**पद्म रत्न शाक्य**
**अष्ट रत्न शाक्य**
**मोहन रत्न शाक्य**

*भौपिं :*
**सिद्धि लक्ष्मी शाक्य**
**लिदा शाक्य**
**रीता शाक्य**
**रोशनी शाक्य**
**सुजाता शाक्य**
**वींणा शाक्य**

*म्हयाय्पिं :*
**दिलशोभा शाक्य**
**रूपशोभा शाक्य**

*म्हयाय् जिलांजपिं :*
**तीर्थमान शाक्य**
**सुभाष धर शाक्य**

*छय्पिं :*
**लिजा, डा. प्रमोद, अस्मिता, प्रविण, सुविर, मनन, अतुल**

*छय् :*
**विकाश रत्न शाक्य**
**नवीनरत्न शाक्य**
**कल्याण रत्न शाक्य**

*छय्भौपिं :*
**रसना शाक्य**
**पद्मा शाक्य**
**करिश्मा शाक्य**

*छय् :*
**ज्ञानी मैंया शाक्य**
**जुनु शाक्य**
**अञ्जली वज्राचार्य**
**मेरी शाक्य**
**रूबी शाक्य**

*छय् जिलाजं :*
**रबी शाक्य**
**सुनिल शाक्य**
**पुष्पेन्द्रमुनी वज्राचार्य**
**सुवर्ण शाक्य**
**राजेश शाक्य**

*छुइपिं :*
**विशाल, सुयस, श्रृजन, प्रणय, सक्षम, अनुभा, ओनज**

मुद्रकः न्यू नेपाल प्रेस प्रधान कार्यालय: १४२ मनकामना मार्ग, नागपोखरी, काठमाडौं | फोन: ४४३४८५०, ४४३४७५३ | फ्याक्स: ४४३३९२९ | newnepalpress@gmail.com
व्यापारिक कार्यालय: शुक्रपथ, काठमाडौं | फोन: ४२५९०३२, ४२५९४५० | फ्याक्स: (९७७-१) ४२६४७३७ | email: newnepalpress011@gmail.com

Downloaded from http://www.dhamma.digital

# THE DHARMAKIRTI

## A BUDDHIST MONTHLY



भगवान् बुद्धलाई पारिलेय्य बनमा बाँदर र हात्तिले सेवा गरिरहेको दृष्य

वर्ष-३१; अङ्क-२

बु.सं. २५५७, ज्याः पुन्हि

Downloaded from http://www.dhamma.digital

Front Cover Page

# धर्मकीर्ति पत्रिकाका विशेष सदस्यहरू

क्र.स. ७६६

**विमला वज्राचार्य**
वानेश्वर काठमाण्डौं
रू. १०००।–

क्र.स. ७६७

**अशोक डंगोल**
ईतापुखू टंगल, ललितपुर
रू. १०००।–

क्र.स. ७६८

**अनिला श्रेष्ठ**
पानीपोखरी, काठमाण्डौं
रू. १००५।–

क्र.स. ७६९

**सृजना वज्राचार्य**
सामाखुसि,
रू. १०१०।–

क्र.स. ७७०

**बिजु वज्राचार्य**
छेत्रपाटी, काठमाण्डौं
रू. १०००।–

क्र.स. ७७१

**राजकुमारी ताम्राकार**
टेकुसी, काठमाण्डौं
रू. १०००।–

क्र.स. ७७२

**चन्द्रहेरा श्रेष्ठाचार्य**
भ्वाःबहाः काठमाण्डौं
रू. १०५१।–

क्र.स. ७७३

**प्रकाश भक्त माथेमा**
भिमसेनथापा मार्ग, पुरानो वानेश्वर
रू. ११११।–

क्र.स. ७७४

**कर्ण वहादुर बासि**
जेलां वडा-२, भक्तपुर
रू. १०००।–

क्र.स. ७७५

**पाशङ्ग फुरि शेर्पा**
रेयुकाइ अफिस
गान्धि रोड, दार्जलिङ्ग
रू. १०००।-

क्र.स. ७७६

**सुमन कुमार वस्नेत**
रेयुकाई अफिस
जलपागुरी वेष्ट बंगाल
रू. १०००।–

क्र.स. ७७७

**स्वयम्भुरत्न तुलाधर**
महाराजगञ्ज, चुनदेवी स्थान
काठमाडौं
रू. ११००।–

क्र.स. ७७८

**श्री कमल नाथ मिश्र**
न्ह्चोखा, काठमाडौं
रू. १०००।–

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना २०७० मा

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| ज्येष्ठ १ गते, बुधवार | रमावती गुरुमां | रमावती गुरुमां |
| ज्येष्ठ ४ गते, शनिवार | वीर्यवती गुरुमां | वीर्यवती गुरुमां |
| ज्येष्ठ ११ गते, शनिवार | चमेली गुरुमां | धम्मवती गुरुमां |
| ज्येष्ठ १८ गते, शनिवार | वण्णवती गुरुमां | मेत्तावती गुरुमां |
| ज्येष्ठ २५ गते, शनिवार | केशावती गुरुमां | केशावती गुरुमां |



Downloaded from http://www.dhamma.digital